म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३०६ आइतबार २ असार २०८१ ने. सं. ११४४ तछलाथ्व 16 June 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडा-१० माओवादी केन्द्रमा कार्की

हेटौंडा, १ असार/नेकपा माओवादी केन्द्र हेटौंडा-१० वडा कमिटीको दोस्रो अधिबेशनले ज्ञानेन्द्रबहादुर कार्कीको अध्यक्षतामा १९ सदस्सीय कार्यसमिति चयन गरेको छ ।

वडा कमिटीको उपाध्यक्षमा गीतादेबी यादव र चतुरमान लामा, सचिवमा राजेन्द्र श्रेष्ठ, कोषाध्यक्षमा सुशील श्रेष्ठ चयन भएका छन् । वडाकमिटी अध्यक्ष राजकुमार थिङको सभाध्यक्षतामा भएको उद्घाटन सत्रको उद्घाटन प्रमुखअतिथि नेकपा माओवादी केन्द्रका जिल्ला ईन्चार्ज बिजय गौतमले गरेका थिए । कार्यक्रममा बिशिष्ठअतिथि संविधानसभा सदस्य प्रल्हाद लामिछाने, माओवादी केन्द्रका नेता भीम पाखिन, नगरअध्यक्ष तीर्थ थापामगर, फ्याक्सन ईन्चार्ज बिबेक राईलगायतले शुभकामना ब्यक्त गरेका थिए ।

# बागमतीको कृषि बजेट साढे दुई अर्ब, सडकका लागि पौने आठ अर्ब

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि ६४ अर्ब ५४ करोड रुपैयाँको बजेट प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले आगामी आर्थिक वर्षका लागि ६४ अर्ब रुपैयाँ भन्दा धेरैको बजेट संसदमा प्रस्तुत गरेका हुन् ।



धेरैजसो बजेट पुँजीगत खर्चका लागि छुट्याइएको छ । जसमध्ये चालुतर्फ २६ अर्ब १० करोड १६ लाख ८२ हजार रुपैंयाँ अर्थात ४०.४४ प्रतिशत, पूँजिगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख ४९ हजार अर्थात ५७.२३ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ १ अर्ब ५० करोड अर्थात २.३२ प्रतिशत बजेट विनियोजन भएको छ । विनियोजित बजेट कार्यान्वयनका लागि कर राजस्वबाट २७ अर्ब ३८ करोड ५७ लाख, अन्य राजस्वबाट ६ अर्ब ५१ करोड १६ लाख ७९ हजार, संघीय वित्तीय हस्तान्तरणबाट १५ अर्ब ५७ करोड ५६ लाख र चालु आवको अनुमानित संचितकोष रकम र अन्य प्राप्तिबाट १४ अर्ब ८६ करोड १४ लाख ५१ हजार व्यहोर्ने अनुमान गरिएको छ ।

प्रदेश सरकले चालु आर्थिक वर्षको तुलनमा १ अर्ब ८४ करोड रुपैयाँ बढीको बजेट प्रस्तुत गरेको हो । चालु आर्थिक वर्षमा प्रदेश सरकरले ६२ अर्ब ७० करोड रुपैयाँको बजेट प्रस्तुत गरेको थियो । बागमती प्रदेशको कृषि क्षेत्रमा साढे दुई अर्ब बजेट बिनियोजन गरिएको छ । बागमती प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८१/८२ को लागि बजेट प्रस्तुत गर्दै मन्त्री थपलियाले कृषिमा आधुनिकीकरणसँगै उत्पादन वृद्धि गर्दै रोजगारीको अवसर सृजना गर्ने नीतिअनुसार आवश्यक बजेट बिनियोजन गरिएको जानकारी दिए । कृषिसम्बन्धी कार्यक्रम र कृषि पूर्वाधारका योजना कार्यान्वयन गर्न दुई अर्ब ६२ करोड रुपैयाँ विनियोजन गरेको उल्लेख गरे ।

स्थानीय तहमा समपूरक अनुदानका लागि दुई अर्ब ४८ करोड, विशेष अनुदानका लागि ७९ करोड ४८ लाख र वित्तीय हस्तान्तरणका लागि आठ अर्ब ३७ करोड रुपैयाँ विनियोजन गरेको बताए । सवारीसाधन कर राजस्व बाँडफाँडबाट स्थानीय तहलाई पाँच अर्ब रुपैयाँ प्रदान गर्ने गरी बजेट व्यवस्था गरिएको मन्त्री थपलियाले बताएका छन् ।

दुधमा अनुदानका लागि २० करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । पर्यटन तथा सहकारी क्षेत्रका लागि दुई अर्ब ४६ करोड करोड विनियोजन गरिएको मन्त्री थपलियाले बताए । उद्योग, भूमि तथा प्रशासनका लागि ७२ करोड विनियोजन गरिएको छ ।

बागमती प्रदेश सरकारले सडक निर्माणका लागि मात्र ७ अर्ब ७८ करोड रुपैयाँ विनियोजन गरेको छ । शनिबार प्रदेशसभामा मन्त्री थपलियाले प्रदेश सडक यातायात गुरुयोजना बनाएर काम गर्न ७ अर्ब ७८ करोड बजेट विनियोजन गरेको जानकारी दिए । गुरुयोजनामा प्रदेश लोकमार्गमा २० वटा र प्रदेशमार्गमा २३० वटा सडक राखिएको छ । बागमती प्रदेशभित्र पहिलो पटक गुरुयोजना बनाएर सडक निर्माण, मर्मतसम्भारमा बजेट बिनियोजन गरिएको जानकारी दिए ।

संघीय सरकारसँगको समन्वयमा प्रादेशिक सडकको निर्धारण गरेर गुरुयोजना बनाइएको हो । बागमती सरकारले सडक, पुल र झोलुङ्गे पुलका लागि २ अर्ब २८ करोड रुपैयाँ विनियोजन गरिएको छ । स्थानीय तहलाई ८ अर्ब ३७ करोड रुपैयाँ वित्तीय हस्तान्तरण गर्ने प्रस्ताव गरेको छ । मन्त्री थपलियाले राष्ट्रिय वित्त आयोगको सिफारिसमा स्थानीय तहलाई वितरण हुने विभिन्न अनुदानअन्तर्गत यो रकम विनियोजन गरिएको बताए ।

उनकाअनुसार प्रदेश सरकारले समानीकरण अनुदानतर्फ १ अर्ब ६६ करोड रुपैयाँ, सशर्त अनुदानतर्फ ३ अर्ब ४३ करोड रुपैयाँ, समपूरक अनुदानतर्फ २ अर्ब ४८ करोड रुपैयाँ, विशेष अनुदानतर्फ ७९ करोड ३८ लाख रुपैयाँ विनियोजन गर्ने प्रस्ताव गरिएको छ । प्रदेश सरकारले सवारी करको बाँडफाँडबाट ११९ वटा स्थानीय तहबाट ५ अर्ब उपलब्ध हुने अनुमान गरेको छ ।

बागमती प्रदेशमा सवारी चालक अनुमतिपत्र छपाइको लागि बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमा संघीय सरकारसँगको समन्वयमा सवारीचालक अनुमतिपत्र छपाइका लागि मेसिन खरिद तथा छपाई र वितरणका लागि आवश्यक बजेट विनियोजन गरिएको मन्त्री थपलियाले बताए । तर, संघीय सरकारले भने सवारीचालक अनुमति पत्रको काम पनि राष्ट्रिय परिचय पत्रले गर्ने ब्यवस्था मिलाउने तयारी गरेको छ । समयमै सवारीचालक अनुमतिपत्र छपाइ गरी बितरण गर्न नसकेपछि राष्ट्रिय परिचयपत्रलाई आधार मान्ने तयारी गरिएको हो ।

स्थानीय तहको समन्वयमा रोजगार फण्डको व्यवस्था गरिने भएको छ । श्रम रोजगार तथा यातायात मन्त्रालयका लागि ९३ करोड रुपैयाँ विनियोजन गरिएको छ । बागमती प्रदेश सरकारले आगामी आर्थिक वर्षमा बागमती प्रदेशलाई प्लास्टिकरहित बनाउनका लागि १ करोड ६१ लाख रुपैयाँ विनियोजन गरेको छ । बागमती सरकारले प्रदेशलाई वातावरणमैत्री बनाउने र प्लास्टिकको प्रयोग रोक्न डेढ करोड रुपैयाँभन्दा बढी रकम विनियोजन गरेको हो ।

वातावरणमैत्री प्रदेश निर्माण, वातावरण सम्मेलन गर्ने, प्रमुख सहरका राजमार्ग र सडक छेउछाउमा वृक्षरोपण लगायत योजना अघि सारिएको छ । उच्चतापक्रम तथा जलवायु परिवर्तनका कारण तराईका खानेपानी मुहान सुक्ने जोखिम रोक्न चितवनका विभिन्न स्थानमा जलाधार संरक्षण गर्न आवश्यक रकम विनियोजन भएको मन्त्री थपलियाले बताए । उनले वन तथा वातावरण मन्त्रालयका लागि आगामी आर्थिक वर्षका लागि ३ अर्ब २१ करोड विनियोजन गरेको बताएका छन् ।

मन्त्री थपलियाले शनिबार साँझ बसेको प्रदेशसभाको दोस्रो बैठकमा प्रतुत बजेटको प्रतीक टेबुल गरेका छन् ।

राजश्व र ब्ययको वार्षिक अनुमान (बजेट बक्तब्य) पछि बसेको दोस्रो बैठकमा बजेटको प्रतीक टेबुल गरिएको हो । प्रदेशसभाको अर्को बैठक आगामी असार ६ गते बिहीबार ११ बजे बस्ने गरी शनिबारको बैठक समापन भएको घोषणा गरिएको छ ।

# गाँजाखेतीलाई वैधानिक बनाउन दवाब सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ गाँजाखेतीको वैधानिकताका लागि मकवानपुरका युवाले अभियान सुरु गरेका छन् ।

शनिबार मनहरी गाउँपालिका-८ स्थित पिसपार्कमा युवाले जनप्रतिनिधिसहितको भेला आयोजना गरी गाँजाखेतीको वैधानिकताका लागि स्थानीय तहबाटै राज्यस्तरमा पहल गर्न दबाब सिर्जना गरेका हुन् ।

लामो समयदेखि गाँजाको वैधानिकखेतीका लागि अभियान सञ्चालन गरिरहेका युवा व्यवसायी राजेश भेटवालको अगुवाइमा भएको भेलामा मनहरी, राक्सिराङ र कैलाश गाउँपालिका प्रमुख, वडाअध्यक्ष एवम् गाँजा बोक्दा जेलजीवन बिताइरहेका भरियाका परिवारको सहभागिता रहेको थियो ।

'गाँजाखेतीको वैधानिकता, सम्भाव्यता अध्ययन तथा गाँजा ओसारपसारमा गर्दा राज्यबाट पक्राउ गरी जेलजीवन बिताइरहेकाहरुको रिहाइको माग गर्दै हामीले भेला आयोजना गरेका हौं' अभियान्ता भेटवालले स्थानीय तह, प्रदेश र संघीय सरकारले यस विषयमा अब निर्णय गर्न ढिलाई गर्न नहुने बताए ।

'गाँजा बोक्ने भरियारहरु अनाहकमा जेलजीवन बिताइरहेका छन् । राज्यले वैधानिकताको सवाल उठाउने अनि मौन बस्ने गर्दा सोझा जनता समस्यामा परिरहेका छन्' उनले यस विषयको सुनुवाइ छिट्टै नभएको खण्डमा चरणबद्ध आन्दोलनको तयारी समेत गरिरहेको बताए । मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरी, राक्सिराङ र कैलाश गाउँपालिका गाँजाखेती हुने क्षेत्र हो । यस क्षेत्रबाट वर्षेनी सयौं युवाहरु गाँजा बोकेका कारण जेलजीवन बिताउन बाध्य छन् ।

भेलामा मनहरी गाउँपालिका अध्यक्ष रञ्जन कालाखेती, राक्सिराङ गाउँपालिका अध्यक्ष राजकुमार मल्ल र कैलाश गाउँपालिका अध्यक्ष लोक मोक्तानले स्थानीय तहले निर्माण गर्ने नीति तथा कार्यक्रम र बजेटमा यस विषयलाई समावेश गर्ने, आफ्नो स्थानीय तहबाट जेलजीवन बिताइरहेकाहरुको तथ्यांक राख्ने र गाँजाको वैधानिकताका लागि प्रदेश र संघीय सरकारलाई विभिन्न कार्यक्रम गरी दबाब सिर्जना गर्ने प्रतिबद्धता जनाएका थिए ।

भेलामा वनविज्ञानका विद्यार्थी साधना पौडेल र डा. भोला भट्टराईले गाँजाखेती र वैधानिकता विषयमा प्रष्ट्याएका थिए । भेटवाल नेपाली कांग्रेसको भातृ संगठन तरुण दलको केन्द्रीय सदस्य हुन् । उनले अघिल्लो महिना काठमाडौंमा सम्पन्न भएको पार्टीको महासमिति भेलामा यस विषयको उठान गरी सबैको ध्यान आफूतिर तानेका थिए ।

भेलामा मनहरी-७ का वडाअध्यक्ष ठाकुराम तितुङले राज्यले छिट्टोभन्दा छिट्टो यो विषय टुंगोमा पुऱ्याउन जरुरी रहेको बताए । 'यस क्षेत्रमा रोजगारीको अवसर छैन । राज्यको उपस्थिति शुन्य जस्तै छ । यस क्षेत्रका लागि गाँजाखेती बरदान जस्तै हो' उनले भने ।

# बागमतीमा माछाको एक लाख भुरा

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुरको पूर्वी क्षेत्रस्थित बागमती नदीमा एक लाख माछाका भुरा छोडिएको छ । खोलामा बिभिन्न प्रजातिका माछा लोप हुन थालेपछि संरक्षणका लागि बागमती नदीमा एक लाख २५ हजार माछाका भुरा छाडिएको हो ।

प्राकृतिक जलाशय मत्स्य प्रबर्द्धन एवम् संरक्षण केन्द्र हेटौंडाले बागमती नदीमा रहू तथा नैनी प्रजातिका माछाका भुरा छोडेको हो । प्राकृतिक जलाशय मत्स्य प्रबर्द्धन एवम् संरक्षण केन्द्रले प्राकृतिक जलाशायमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवन उकास्नका लागि स्थानीय जातका माछाका भुरा छोडिएको केन्द्रका वरिष्ठ मत्स्य विकासअधिकृत सरोजकुमार यादवले बताए ।

बागमती नदीमा आश्रित थुप्रै परिवार रहेकाले उनीहरुलाई ध्यान दिएर माछा नदीमा छोडेको यादवले बताए । यहाँ माझी समुदायको बाहुल्यता रहेको र माछा मारेरै उनीहरुले जीविका धान्ने गरेपनि अहिले बागमतीमा माछा नपाइदा उनीहरुको परम्परागत पेशा नै संकटमा परेको यादवले बताए । नदीमा माछा लोप भएसँगै अहिले गोही, चराहरु र जलसँग आश्रित जीवजन्तु पनि संकटमा पर्दै गएका छन् । माछा धेरै जीवजन्तुको आहारा भए पनि यसको संरक्षणमा पनि ध्यान दिनुपर्ने भएकाले माछाको संख्यावृद्धि गर्न, नदीमा आश्रित परिवारलाई राहात दिन र पर्यावरण संरक्षणमा सहयोग पुग्ने केन्द्रको विश्वास छ । प्रतिमाछाका भुरा ७५ पैसामा खरिद गरी नदीमा छाडिएको थियो ।

बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले यहाँ माझी लगायत जलसँग आश्रित समुदायको पेशा संकटमा पर्दै गएको बताए । उनले अघिल्लो पुस्ताले माछा मारेरै जीविका चलाएपनि अहिले नदीमा फोहर, ढल, केमिकल मिसाइदा र नियमविपरित नदी उत्खनन् गर्दा जलीय प्राणी हराउँदै गएको चिन्ता व्यक्त गरे । उनले माछा मार्नका लागि खोलामा विषादि हाल्ने, करेन्ट लगाउनेलगायत कार्य तत्काल रोक्नुपर्नेमा जोड दिए ।

बागमतीमा बागी, वुदुना, बाम, सहरी, गर्दी, लहरी, कत्ले, असलालगायत माछा पाउने गरेको स्मरण गर्दै बागमती गाउँपालिका-४ का वडाअध्यक्ष दन्तलाल माझीले अहिले नदीमा माछा हराउँदै गएकोमा चिन्ता व्यक्त गरे । 'हाम्रो बाबुबाजेले नदीमा गएर माछा मारेर ल्याउनुहुन्थ्यो, सानोमा म आफैं पनि माछा मारेर घरको छाक टार्थें, अहिले खोलामा माछा नै पाउन छाड्यो नदीसँग जोडिएको हाम्रो पेशा लोप हुँदै गयो,' वडाअध्यक्ष माझीले स्मरण गरे ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

लोक सेवा आयोग
बागमती प्रदेश तह ५ को पत्रको तयारी कक्षा
सेना तथा प्रहरी तर्फको विभिन्न तहको तयारी कक्षा
विशेष नयाँ कक्षा
☛ शान्त तथा स्वच्छ वातावरण
☛ दक्ष तथा अनुभवी शिक्षक
☛ हरेक हप्ता Model Test
☛ Handsout को व्यवस्था
आफ्नो सिट सुरक्षित गर्न तुरुन्त सम्पर्क गर्नुहोला ।
Elite Aimers Institute
Hetauda-4, Parijathpath, (Infront of Hetauda Campus)
Contact No.: 057-590096,
9855057021,9804219546, 9855078775

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरू:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा
प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा सबस्टेसनको महत्व

नेपालका खोलानालामा बगिरहेको पानीलाई विद्युत उत्पादनमा प्रयोग गर्ने क्रम पछिल्ला वर्षहरुमा बृद्धि भएको छ । उत्पादित जलविद्युत नेपाली बजारमा खपत गरेर बाँकी रहेको भारत तथा बंगलादेशलाई निर्यात गर्ने वातावरण सृजना गर्नु जरुरी छ । यसकै एउटा खुड्किलो हो हेटौंडा सबस्टेसन । ४०० केभीको हेटौंडा सबस्टेसनको प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले शुक्रबार उद्घाटन गरेका छन् । नेपाल विद्युत् प्राधिकरणले हेटौंडामा आयोजना गरेको कार्यक्रममा उनले हेटौंडा उपमहानगर पालिका-११ थानाभन्याङमा निर्मित सबस्टेसनको उद्घाटन गरेका हुन् । प्रधानमन्त्री प्रचण्डले ठूला पूर्वाधार आयोजना निर्माण सम्पन्न हुँदा 'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने भाष्य गलत सावित भएको दाबी गरेका छन् । 'देशमा केही भएको छैन, केही हुँदैन' भन्ने नकारात्मक भाष्यले स्थान पाउन थालेको परिस्थितिमा ठूला पूर्वाधारको निर्माण सम्पन्न हुनुले देशमा आशाको सञ्चारप्रवाह गरेको उनले बताए । तीन ठूला सबस्टेसन नेपालका नदी तथा खोलानालाबाट उत्पादित विद्युत् राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गर्न, पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र नेपाल र भारतबीचको द्विदेशीय विद्युत् व्यापारका लागि मात्र नभएर उपक्षेत्रीय तथा क्षेत्रीय विद्युत् व्यापारका लागि सबस्टेसनहरु मेरुदण्ड (ब्याकबोन) का रुपमा रहने प्रधानमन्त्री प्रचण्डले बताएका छन् ।

सबस्टेशनहरु निर्माण सम्पन्न भएसँगै ऊर्जा क्षेत्रको विकास र मुलुकको समृद्धितर्फको यात्रामा अर्को एउटा खुड्किलो थपिएको छ । विद्युत उत्पादन र खपत गर्ने उपभोक्ताबीच जोड्न सयौं किलोमिटर दूरीमा पूर्व-पश्चिम, उत्तर-दक्षिण प्रसारण र वितरण लाइनका पूर्वाधार संरचना विस्तार तथा सुदृढीकरणको काम तीब्र गतिमा भइरहेका बताइएको छ । विगतमा आफ्नै नेतृत्वको सरकारले देशलाई लोडसेडिङको कहालीलाग्दो युगबाट मुक्तगरी उज्यालो नेपालको यात्रा अगाडि बढाएको स्मरण पनि प्रधानमन्त्री प्रचण्डले गरेका छन् । त्यतिबेला सहरी क्षेत्रमा लोडसेडिङ थियो तर, देशको आधाभन्दा बढी गाउँबस्तीहरु अँध्यारोमै थिए । अहिले करिब ९५ प्रतिशत भूभागमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको र वैकल्पिक ऊर्जासहित करिब ९९ प्रतिशत जनसंख्यामा विद्युतको पहुँच पुगेको बताइएको छ । आगामी एकदेखि डेढ वर्षभित्र देशलाई पूर्णरुपमा विद्युतीकरण घोषणा गर्ने गरी सम्पूर्ण तयारी पूरा गर्न कार्यहरु भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले मुलुकका लागि सुनौला दिनहरु टाढा नरहनेको बताए । उनले अब विद्युतको पहुँच मात्र होइन, आन्तरिक रुपमा विद्युत खपत बढाउन पर्याप्त, भरपर्दो, गुणस्तरीय र सुरक्षित विद्युत् सेवा प्रवाहका लागि विशेष ध्यान दिएर उच्चप्राथमिकताका साथ काम गर्न ऊर्जा मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिएका छन् । करिब ४ हजार मेगावाट विद्युत प्रवाह गर्नसक्ने पूर्वाधार तयार हुनुलाई देशको ऊर्जा विकासका लागि महत्वपूर्ण कोशेढुंगाको रुपमा लिइएको छ ।

पूर्व-पश्चिम विद्युत आपूर्ति गर्न र भारततर्फ थप विद्युत प्रवाह तथा क्षेत्रीय विद्युत व्यापारका लागि हेटौंडा सबस्टेसन अर्को ठूलो 'हब' बनेको छ । ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस) प्रविधिमा आधारित स्वचालित नेपालको तेस्रो ठूलो ४०० केभी हेटौंडा सबस्टेसन निर्माण सम्पन्न गरी गत शुक्रबारदेखि सञ्चालन (चार्ज) मा ल्याइएको छ । यसैगरी नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट थानाभन्याङमा नै २२० र १३२-११ केभी क्षमताका सबस्टेसन निर्माण सम्पन्न गरी गत शुक्रबारदेखि नै चार्ज गरिएका छन् । मुलुकभित्रको पूर्व-पश्चिम विद्युत् आपूर्तिलाई भरपर्दो तथा गुणस्तरीय बनाउन र भारतसँगको विद्युत् व्यापारका लागि निर्माण गरिएको जिआइएस प्रविधियुक्त स्वचालित ढल्केबर मुलुककै पहिलो, इनरुवा दोस्रो र हेटौंडा तेस्रो ठूलो सबस्टेसन हो । हेटौंडा सबस्टेसनको निर्माण सम्पन्न भएसँगै करिब चार हजार मेगावाट विद्युत् प्रवाह गर्नसक्ने पूर्वाधार संरचना तयार भएको छ । हेटौंडा-ढल्केबर-इनरुवा ४०० केभी प्रसारण लाइन आयोजना निर्माण सम्पन्न भएपछि ढल्केबरबाट पूर्व-पश्चिम चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने हुँदा आन्तरिकरुपमा विद्युत् आपूर्ति थप सुदृढ हुने र भारतसँगको विद्युत् व्यापार थप विस्तार हुनेछ । अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी) बाट नुवाकोटको रातमाटेबाट निर्माण हुने ४०० केभीको डबल सर्किट प्रसारण लाइन हेटौंडा सबस्टेसनमा ल्याएर जोडिनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

| एम्बुलेन्स सेवा | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ असार ३ गते सोमबार १७ जुन २०२४ । एकादशी, जेष्ठ शुक्लपक्ष । तछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१०, सूर्यास्त ७:०० । ईद अल-अधा-बकर इद (मुस्लिम धर्मावलम्बी)। स्मार्तको निर्जला एकादशी व्रत । विश्व खडेरी रोकथाम दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# लाल आयोग प्रतिवेदन र मुख्यसचिवको पत्र



ई. गजेन्द्र थपलिया

नेपाल विद्युत् प्राधिकरण र उद्योगी-व्यवसायीबीच लामो समयदेखि विवादमा रहेको 'डेडिकेटेड' र 'ट्रंक लाइन' सम्बन्धी विवाद समाधान गर्न सरकारले पूर्वन्यायाधीश गिरिशचन्द्र लालको नेतृत्वमा आयोग गठन गरेसँगै यो विवाद समाधान होला भन्ने आशा गरिएको थियो ।

आयोगले प्रतिवेदन पेस गरेपछि अर्बौं राजस्वजस्तो गम्भीर विषयमा उठेका सार्वजनिक प्रश्नबारे सत्यतथ्य उजागर होला र त्यसको सूचना यस क्षेत्रसम्बद्ध सरोकारवाला तथा सर्वसाधारणसम्म पुग्ला भन्ने अपेक्षा विपरीत हालसम्म पनि प्रतिवेदन सार्वजनिक नहुनु तथा प्रतिवेदनमा औंल्याइएका विषयमाथि मनोमानी ढंगले व्याख्या हुनु अत्यन्तै दुःखद विषय हो ।

लाल आयोग प्रतिवेदन कार्यान्वयनमा लैजाने सम्बन्धमा मन्त्रिपरिषद्ले २०८१ वैशाख २७ मा निर्णय गरेको लामो समयसम्म पनि प्रतिवेदन सार्वजनिक नहुनु तथा प्रतिवेदन कार्यान्वयन गर्न मुख्यसचिवबाट एउटै मिति र चलानी नम्बरमा दुई फरक आशयका पत्र ऊर्जा मन्त्रालयमा प्रेषित हुनु र दोस्रो पटक पठाइएको पत्रमा उल्लेख गरिएको भाषा हेर्दा नेपाल सरकार विद्युत् प्राधिकरणको वर्तमान नेतृत्वलाई बचाउन सारा शक्ति र सामर्थ्य प्रयोग गरिरहेको देखिन्छ ।

राजस्वजस्तो गम्भीर विषयमा देखिएका समस्या समाधान गर्न सरकार, विद्युत् प्राधिकरण तथा उद्योगी-व्यवसायीको द्रुत गतिको पहलकदमी नहुँदा कहीं कतै यसमा केही गडबडी छ कि भन्ने शंकालाई मलजल गरेको छ ।

मिडिया मार्फत हालसम्म प्राप्त प्रतिवेदनको संक्षिप्त बेहोरालाई आधार मान्दा प्राधिकरणले जारी गरेको बिलबिजक अन्यायपूर्ण रहेको सहजै बुझ्न सकिन्छ । २०७२ साउनदेखि २०७७ असारसम्मका लागि प्रिमियम शुल्क लागु गरी जारी गरिएको बिलमध्ये २०७२ माघअघि तथा २०७५ वैशाखपछि प्रिमियम शुल्क लागु गर्नु नपर्ने गरी प्रतिवेदनमा आशय व्यक्त गरिएको तथा २०७२ माघदेखि २०७५ वैशाखसम्म अवधिमा लोडसेडिङ ६ घण्टा वा त्यसभन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा त्यसभन्दा बढी समय निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहकसरह महसुल भुक्तानी गर्नुपर्ने भनी राय व्यक्त भएको सार्वजनिक भएको छ ।

त्यसरी हेर्दा प्राधिकरणले ६० महिनाका लागि प्रिमियम शुल्क सहितको बिलबिजक जारी गरेको भए पनि जम्मा २७ महिनाको मात्र लिन उपयुक्त हुने राय देखिन्छ । त्यसमा पनि उपरोक्त २७ महिना अवधि समयावधिमा कुन उद्योगमा कति समय विद्युत् आपूर्ति भयो, ग्राहकको स्वीकृत विद्युत् क्षमता अनुसार माग बमोजिम विद्युत् आपूर्ति भयो/भएन कुन समयमा भयो, यो सबैको विवरण हेरी जुन दिन खपत भएको छ सोही दिनका लागिमात्र प्रिमियम शुल्क लिनुपर्ने भनि राय व्यक्त भएको विषय हालसम्म सार्वजनिक भएको छ ।

त्यसरी महसुल संकलन गर्दा विद्युत् प्रयोग मापन गर्न सम्बन्धित उद्योगमा जडान गरिने 'टाइफ अफ डे' (टीओडी) मिटर डाटा प्राधिकरणले अनिवार्य उपलब्ध गराउनुपर्ने हुन्छ । टीओडी मिटर डाटा उपलब्ध नगराइ महसुल संकलन गर्न सकिने अवस्था रहँदैन । विद्युत् महसुल संकलन विनियमावली २०७३ तथा २०७७ मा टीओडी मिटर डाटासम्बन्धी यस्तो व्यवस्था छ । टीओडी मिटर जडान भएका ग्राहकका हकमा हरेक वर्ष चैतमा टीओडी मिटर रिडिङ अतिरिक्त अनिवार्य रूपले डाटा डाउनलोड गरी त्यसको प्रतिवेदन सम्बन्धित क्षेत्रीय कार्यालय र उपकार्यकारी निर्देशकको कार्यालय वितरण तथा ग्राहक सेवामा पठाउनुपर्ने छ ।

उल्लेखित कार्य गरे/गराएको नपाइए जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइनेछ भन्ने व्यवस्थाबाट नै के स्पष्ट हुन्छ भने धेरै विद्युत् खपत गर्ने ठूला उद्योगसँग सम्बन्धित विद्युत् खपत विवरण यकिन गर्ने तथा महसुल संकलन गर्ने कामको जिम्मेवारी सम्बन्धित वितरण केन्द्र प्रमुखको मात्र नभई प्रादेशिक तथा केन्द्रीय कार्यालयको समेत हुनेछ ।

टीओडी मिटर जडान भएका उद्योगमा महसुल सम्बन्धी कुनै विवाद सिर्जना भए मिटरमा सुरक्षित रहने डाटा डाउनलोडपछि त्यस्ता विवाद समाधान गर्न सकिन्छ । मिटर डाउनलोडपछि मिटरबाट विभिन्न प्राविधिक कारण डाटा हराए पनि वार्षिक डाउनलोड रिपोर्ट सम्बन्धित कार्यालय तथा माथिल्लो निकायमा अनिवार्य हुने व्यवस्था विनियमावली मार्फत नै मिलाइएको छ ।

तसर्थ, प्राधिकरणले टीओडी मिटरको डाटा छैन भनी दायित्वबाट विमुख हुन कानुनी रूपमा पाउँदैन । तर, प्राधिकरण नेतृत्वबाट बेलाबेला सार्वजनिक भएका अभिव्यक्ति तथा विगतमा विभिन्न तहका अदालतमा गरेका पत्राचार आधार मान्दा प्राधिकरणसँग उक्त अवधिमा डेडिकेटेड र ट्रंक लाइन प्रयोग गरेका उद्योगमा जडित टीओडी मिटर डाटा नरहेको भन्ने आशय बुझिन्छ ।

मन्त्रिपरिषद्ले गरेको प्रतिवेदन कार्यान्वयनको अर्थ राजस्व के कसरी संकलन गर्ने विषयमात्र नभई यति ठूलो राजस्व बापत बिलबिजक गलत ढंगले जारी गर्नेमाथि कारबाही तथा तोकिएको मापदण्ड परिधि परीक्षण गरी उठाउन बाँकी राजस्व के कसरी उठाउने भन्ने विषय पनि उक्त प्रतिवेदनमा पक्कै होला ।

प्रचलित कानुनी प्रावधान अनुसार बिलबिजक जारी गरी विद्युत् महसुल संकलन गर्न प्राधिकरण हिजो पनि स्वतन्त्र थियो, आज पनि छ र भोलि पनि रहने नै छ । त्यसमा मन्त्रिपरिषद्ले थप व्याख्या केही गरिराख्न आवश्यक छैन ।

तसर्थ, महसुल संकलन सम्बन्धी प्रचलित नियम कानुन अनुसार गर्ने भनी मुख्यसचिव मार्फत ऊर्जा मन्त्रालयलाई गरिएको पत्राचारले लाल आयोगले २०७२ माघदेखि २०७५ वैशाखसम्म अवधिमा लोडसेडिङ ६ घण्टा वा त्ससभन्दा बढी कायम रहेको अवस्थामा २० घण्टा वा त्यसभन्दा बढी समय निरन्तर विद्युत् आपूर्ति लिने ग्राहकले डेडिकेटेड ग्राहक सरह महसुल भुक्तानी गर्नुपर्ने तर त्यसरी भुक्तानी गर्दा समेत प्राधिकरणले सम्बन्धित उद्योगले उक्त अवधिमा कुन दिन कति घण्टा कति लोड के कसरी सञ्चालन गरेको थियो भन्ने प्रमाण अनिवार्य पेस गर्नुपर्ने भनी दिएको सुझाव विपरीत टीओडी मिटरको डाटाविना नै महसुल संकलन गर्न प्राधिकरणलाई सहज हुने गरी भन्ने व्याख्या गरेको देखिन्छ, जुन सरासर त्रुटिपूर्ण छ ।

प्राधिकरणको वर्तमान नेतृत्वबाट अर्बौं राजस्वसँग सम्बन्धित बिलबिजक पद, ओहोदा र सार्वजनिक रूपमा निर्माण भएको छविको बलमा गलत मनशाय राखी जारी गरिएको र उठाउनै नसकिने बिलको समेत सरकारलाई कर तिरी कृत्रिम रूपमा प्राधिकरणलाई नाफा देखाइएको छ ।

संस्थालाई प्रायोजित रूपमा नाफामा लगेको सूचना आफूनिकट मिडिया मार्फत अत्यधिक प्रचारमा लगिएको र त्यसरी निर्माण भएको भ्रामक सार्वजनिक छविका आधारमा ठूला ठेक्का, पीपीए, मालसामान खरिद एवम् आयोजना व्यवस्थापनमा अत्यधिक अनियमितता भएको भन्ने जस्ता विषयका समाचार मिडियामा सार्वजनिक भएका छन् ।

पूर्वी नेपालका औद्योगिक क्षेत्रदेखि नेपालञ्जसम्मका साना-ठूला उद्योगमा २०८० फागुनदेखि नै सहज विद्युत् आपूर्ति छैन । तालिकाविहीन गराएर प्रत्येक दिन औद्योगिक ग्राहकोमा १२ देखि १६ घण्टासम्म विद्युत् आपूर्ति छैन । त्यसबाहेक लोड व्यवस्थापनका नाममा तराईका अधिकांश सहर तथा गाउँमा विद्युत् कटौती हुँदै आएको छ ।

आजका मितिमा भारतबाट विद्युत् आपूर्ति नहुने हो भने दैनिक १२ देखि १८ घण्टासम्म विद्युत् कटौती हुने तितो यथार्थमा हामी छौं । तर, भारतबाट आयातित विद्युतबाट हटेको लोडसेडिङलाई आफ्नो व्यवस्थापकीय क्षमता भनी प्रचार गरेकाले हालको नेतृत्वबारे सार्वजनिक रूपमा कसैले टिकाटिप्पणी नगरेको हो ।

संसदको सार्वजनिक लेखा समितिले २०७६ सालमा अध्ययन गरी डेडिकेटेड र ट्रंक लाइनबारे राजस्व सम्बन्धी लापरबाही गरेको देखिएकाले त्यस सम्बन्धमा उक्त अवधिमा रहेका सञ्चालक समिति, प्रबन्ध निर्देशक, विभागीय जिम्मेवारी लिएका पदाधिकारी को-को दोषी छन्, विस्तृत छानबिन गरी दोषीमाथि कारबाही गर्ने प्रक्रिया अघि बढाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई निर्देशन दिने भन्ने निर्णय गरिसकेको र लाल आयोगको संक्षिप्त प्रतिवेदन सार्वजनिकसँगै राजस्वबारे गलत आशय राखी कार्य गरेको, सार्वजनिक पद धारण गरी प्राधिकरणको वित्तीय अवस्थाबारे भ्रम फैलाएको, देशको औद्योगिक वातारण बिगार्ने गरी उद्योगी-व्यवसायीलाई दुःख दिएको र सुरक्षित राख्नुपर्ने राजस्वसँग सम्बन्धित डाटा सुरक्षित नगरी गम्भीर लापरबाही गरेको देखिएकाले प्राधिकरणको वर्तमान नेतृत्वमाथि छानबिन गर्न सरकार तथा सम्बन्धित निकायको अतिशीघ्र ध्यान जान जरुरी देखिन्छ ।

हाल नेपालको विद्युत् प्रणालीको अवस्था, प्राधिकरणले व्यवस्थापन गरेको ठेक्काको अवस्था, प्राधिकरणको वास्तविक वित्तीय स्वास्थ्य अवस्था, प्राधिकरण आफैंले आफ्नो सामर्थ्यमा सञ्चालन गरेका आयोजनाका प्रगति तथा लोडसेडिङको यथार्थ विवरणको मूल्यांकन गर्दा प्राधिकरण नेतृत्व दीर्घकालीन रूपमा नेपालको विद्युत् प्रणालीको समस्या समाधान भन्दा तत्कालीन प्रचारमा रमाएको र नेपालको विद्युत् प्रणालीको वास्तविक अवस्थाबारे सारा नेपालीलाई भ्रममा राख्न सफल देखिन्छ ।

*(साभार: अनलाइनखबर)*

# सफा नियतको खाँचो

पुष्कारराज प्रसाई

**यसरी राज्य सञ्चालकको नियतका कारण देशको समग्र स्थितिमा अन्योल सृजना भइराखेको छ । सस्तो लोकप्रियता, अतिवादको राजनीति र सत्ता लोलुपताले लोकतन्त्रका अंगहरु कमजोर बन्न पुगेका छन् । उता जलवायु परिवर्तनले अर्थतन्त्र, जनजीविका र पृथ्वीको भविष्यमाथि नै कालो बादल मडारिरहेको छ । यति हुँदा पनि हाम्रा नेतृत्ववर्गमा अझै चेत खुलेको छैन ।**

'नियत सफा भए चारपन्ने सविधानले पुग्थ्यो' यो भनाइ चिया-चौतारीमा रहने सर्वसाधारणको हो । अचेल संविधान संशोधनको हल्ला चलेकोले यस्तो भनिने गरेको सुनिन्छ । हामीले देश समृद्ध हुन असल योजना र तदनुकुलको ऐन-कानुन चाहिन्छ भन्यौं र बनायौं पनि तर देश समृद्ध हुन सकेन । किन ? यसको एकमात्र कारण हो, राज्य सञ्चालकमा सफा नियतको अभाव ।

हामी सबैलाई थाहा भएकै कुरा हो कि सिंगापुर २५ वर्षकै अवधिमा तेस्रो विश्वबाट पहिलो विश्व बन्यो । २०४६ सालमा बहुदलीय सरकार बन्दै गर्दा नेपालको प्रतिव्यक्ति आय १८० अमेरिकी डलर थियो भने भियतनामको १४१ डलर थियो । तर सन् २०२१ सम्म आइपुग्दा नेपालको प्रतिव्यक्ति आय १२०० डलर र भियतनामको ३,७५६ डलर पुगिसकेको थियो अर्थात् नेपालभन्दा तीन गुणा बढी भइसकेको थियो । त्यसै गरी भयंकर द्वन्द्वको विनाशबाट निस्किएको रुवान्डा अहिले विकासको चमकदार उदाहरण मानिन्छ ।

गत २० वर्षमा रुवान्डाको अर्थतन्त्र वार्षिक औसत ७ प्रतिशतले वृद्धि भएको छ भने बेरोजगारी १ प्रतिशतमा झरेको छ । यही रफ्तार कायम रहेमा रुवान्डा अबका १२ वर्षमा मध्यम आय र सन् २०५० सम्ममा उच्च आयमा फड्को मार्नेछ । यसको अर्थ अरु देशमा जस्तो भयो त्यस्तै आफ्नो देशमा हुन सक्छ भन्न खोजेको त होइन । हरेक देशको विकासको मोडल त्यसै देशको मौलिकताअनुसार हुने गर्छ र हुनुपर्दछ । तर पनि राज्य सञ्चालकमा देशप्रतिको बफादारिता, इमानदारिता, इच्छाशक्ति राख्न भूगोलले फरक पार्दैन केवल विकासको मोडल फरक पर्न सक्छ । पक्कै पनि भू-राजनीति, प्राकृतिक स्रोत, इतिहास, शासन प्रणाली, संस्कृति, सामाजिक परिवेश आदि विकास र समृद्धिसँग जोडिएका हुन्छन् नै । सोही कारण नेपालको गत ३० वर्षको औसत आर्थिक वृद्धिदर ४ प्रतिशतको हाराहारीमा मात्र रहन पुगेको छ ।

यही गतिमा कुल गार्हस्थ्य उत्पादनलाई दुई गुणा बढाउन १८ वर्ष लाग्ने देखिन्छ । यो ४ प्रतिशत औसत आर्थिक वृद्धिदरले उच्च आय अर्थात् प्रतिव्यक्ति आय १३,५०० डलरभन्दा माथि पुऱ्याउन नेपाललाई करिब ६५ वर्ष लाग्ने देखिन्छ । यसरी अरु देशहरु चुनौती प्रतिकुलतालाई चिरेर विकास र समृद्धिमा दौडिरहेको बेला हामी अझै बामे सरिरहेको अवस्थामा देखिनु निश्चय पनि सफा नियतको नै अभाव हो ।

यदि २०४६ को आन्दोलनपछिका राज्य सञ्चालकहरु पद, प्रतिष्ठा र सम्पत्ति कमाउने हुटहुटीमा नलागेर, भ्रष्टाचारलाई संस्थागत नीतिगत नबनाएर, सेवा प्रवाहदेखि शासन सञ्चालनमा सुशासनका न्यूनतम मान्यता कायम राखिदिएको भए विकास र समृद्धि यति पछि धकेलिने थिएन । २०६२ ।०६३ को जनआन्दोलनले देशलाई लोकतान्त्रिक गणतान्त्रिक समावेशिता र समानुपातिक प्रणालिसहितको राजनीतिक अधिकार त दियो तर नेपालको आर्थिक सशक्तीकरणमा अपेक्षित योगदान दिन सकेन । यो योगदान दिन नसक्नुको पछाडिको कारण संसदीय संरचनाले जन्माएको राजनीतिक अस्थिरता र गठबन्धन सरकार हो भनिन्छ । तर यो दलहरुले आफू चोखिन जनतामा छरेको भ्रम मात्र हो । सज्जन शासक भए बिग्रेकोलाई पनि सपार्छ, दुर्जन शासक भए सप्रेकोलाई पनि बिगार्छ । नियत सफा भए नीति चाहिँदैन । नेपालको एकीकरण कुनै संविधानले गरेको थिएन । सात सालको आसपासमा स्वतन्त्र भएका मुलुक कहाँबाट कहाँ पुगिसके, हाम्रो यो हालत छ ।

नियत खराब भएपछि जस्तोसुकै नीति, दर्शन र वादले पनि काम गर्दो रहेनछ । बिग्रेको बानी संविधानले सपार्दो रहेनछ । संविधान मान्नेको लागि हो रहेछ त्यो । नमान्नेको लागि होइन रहेछ त्यो । किनकि हाम्रो देशको जस्तो गठबन्धन सरकार अरु देशमा पनि बन्ने गरेको पाइन्छ । जस्तै- जर्मनीमा पनि गठबन्धन सरकार नै थियो तर विकास र समृद्धि रोकिएन । जर्मनीमा २२ वर्षको अवधिमा केवल पाँचपटक मात्र सरकार फेरबदल भएको थियो । हाम्रो देशमा भने ६-६ महिनामा सरकार परिवर्तन गराउने घृणित खेल खेलिन्छ । अरु देशमा जस्तो हाम्रो देशमा गठबन्धनको संस्कार विकास नै भएन । किन सरकारमा जाने, किन छाड्ने, सरकारमा जाने जनादेश प्राप्त छ कि छैन ? गठबन्धनसँग आफ्नो सिद्धान्त, नीति र चुनावी मेनुफेस्टो मिल्छ कि मिल्दैन ? यस्ता विषयमा दलहरुले सोच्ने र विश्लेषण गर्ने गर्दछन् । ती मूल्य र मान्यतामा दृढ रहन्छन् । तर नेपालमा ती मूल्य र मान्यताहरु सत्ताको खेलका अगाडि गौण मानिन्छन् । गठबन्धनको संस्कार भएका देशमा साना पार्टीहरुले सरकारको नेतृत्व गर्न वा सरकारमा जान मरिहत्ते वा हानाथाप गर्दैनन् । किनकि सरकारमा जानु चुनावको म्यान्डेटविरुद्ध मानिन्छ ।

विश्वका अल्पमतमा चल्ने वा छोटो समयमा सरकार परिवर्तन हुने देशहरु पनि छन् । ती देशमा अघिल्लो सरकारले राखेका असल परियोजनाहरुमाथि पछिल्लो सरकारले भाँजो हाल्ने वा पुरानो सरकारले श्रेय पाउला भनेर ती परियोजनालाई निष्प्रभावी बनाउने काम गरिँदैन । किनकि त्यहाँ देश र जनतालाई केन्द्रविन्दुमा राखेर राजनीतिक प्रतिस्पर्धाको खेल खेलिन्छ । तर हाम्रो देशमा चाहिँ आफ्नो सत्ता जोगाउन उत्तर, दक्षिण, मध्य कतातिर ढल्किँदा कम्फर्टेबल हुन्छ त्यतैतिर ढल्किनेसमेत गरिन्छ । यति मात्र होइन, देशमा संविधान र कानुनहरुले व्यवस्थित गरेका प्रक्रिया र अभ्यासहरुलाई आफ्नो अनुकूल व्याख्या गर्दै संवैधानिक निकाय, अंग, संयन्त्रहरुलाई आफ्नो अनुकूल चलाउन राजनीतीकरण गरिन्छ । ती निकाय, संयन्त्रहरुलाई स्वतन्त्रपूर्वक आफ्नो दायित्व र कर्तव्य निर्वाह गर्न दिइँदैन । अहिलेको संसदीय गतिरोध र सरकार फेरबदल पनि त्यसैको परिणाम हो । यसरी मुलुकलाई सभ्य र मर्यादित लोकतान्त्रिक अभ्यास गराउँदै आउँदो पुस्तालाई समुन्नत, सभ्य समाज सुम्पिन पर्ने दायित्वबाट वर्तमान पुस्ता चुक्दै गएको देखिन्छ ।

सार्वजनिक पद धारण गर्ने पदाधिकारी सदस्यहरुको सम्पत्ति घोषणा र ती सम्पत्तिको जाँचबुझ, छानबिन गरेर कारबाही गर्ने कानुन एवं संस्थागत संयन्त्र प्रभावकारी बन्न सकेका छैनन् । करिव ८ खर्ब रुपियाँ राजस्व उठ्ने देशमा १ खर्ब १९ अर्बभन्दा बढी बेरुजु देखिनु आर्थिक अनुशासनहीनताको चरम पराकाष्ठा हो । बेरुजुमा संलग्न व्यक्ति वा संस्थाहरुलाई उत्तरदायी बनाउने संयन्त्र आउँदा दिनमा यस्तै गरी प्रभावकारी नभए हरेक वर्ष १५ प्रतिशतले बढ्दै गएको बेरुजु विकास र समृद्धिका लागि बाधक बन्ने निश्चित छ । गत ३०-३५ वर्षमा नेपालमा निजी क्षेत्र र बजार अर्थतन्त्रको विकास त भयो तर सार्वजनिक र निजी क्षेत्रले प्रदान गर्ने शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक सेवाको गुणस्तरमा असमानता बढ्दै गयो । बैंकदेखि दूरसञ्चार सेवा क्षेत्रको हिस्सा ६० प्रतिशतभन्दा बढी पुग्यो तर औद्योगिक र कृषि क्षेत्रको उत्पादन खुम्चिँदै गएको अवस्था छ । निजी क्षेत्रको विकासले बजार अर्थतन्त्रको निर्माण त भयो तर यससँगै आसेपासे पूँजीवाद पनि बढ्यो । बजार अर्थतन्त्रको सौन्दर्य भनेकै स्वस्थ प्रतिस्पर्धा हो तर नेपालमा यातायात क्षेत्रलगायत सेवाका अन्य क्षेत्रमा समेत सिन्डिकेट प्रणालीको विकास भएको छ ।

पैसाको प्रभावका कारण प्रशासन र राजनीतिक प्रणालीमा अभिजात वर्गकै हालिमुहाली छ । नेपालमा अहिले ६० प्रतिशतभन्दा बढी जनसंख्या युवा हुनु विकास र समृद्धिका लागि ठूलो अवसर हो । हरेक वर्ष ४ लाख युवा श्रम बजारमा आउँछन् । तर युवामा बेरोजगारी झन्डै २० प्रतिशत रहेको पाइन्छ । अहिले नेपालको मूल आपूर्ति नै युवा भएका छन् । तीन-चार लाख युवा बाहिरिँदा आफ्नो देशको विकास र समृद्धिका लागि चाहिने जनशक्तिको अभाव हुन थालेको छ । यति मात्र होइन, विप्रेषणबाट पैसा नआउँदा इन्धन, खाद्य र औषधिसम्मको आयात ठप्प हुने अनि विप्रेषण बढ्दा उत्पादनभन्दा उपभोगवादी बढी हुने गरेको छ । फेरि आयात बढ्दा देशको राजस्व त बढ्ने तर व्यापार घाटा र परनिर्भरता पनि सँगै बढेर जाने भई एक-आपसमा विरोधाभाषको स्थिति सृजना भइराखेको छ ।

गत ६७ वर्षमा १५ वटा आवधिक योजनाहरु बनाइए तर पनि रुपान्तरणकारी प्रगति गर्न सकेनौं । यसरी रुपान्तरण हुन नसक्नुको मूल कारण राज्य सञ्चालकको नियत नै खराब भएर हो भन्दा अत्युक्ति नहोला ।

अत: अब आइन्दा बजेट बनाउने तरिकामा आमूल परिवर्तन गरौं । सम्बद्ध सरोकारबीच व्यापक बहस र छलफल गर्ने गरौं । स्रोत सुनिश्चित गर्न बहुवर्षीय अवधारणामा लैजाऔं । राष्ट्रिय सहमतिमा आर्थिक नीति र भ्रष्टाचार नियन्त्रित सफा नियतको रुपान्तरणकारी दशक घोषणा गरौं । साधारण खर्च १५ प्रतिशतले घटाउने तथा सार्वजनिक खर्च पुनरावलोकन आयोगको ०७५ सालको प्रतिवेदन कार्यान्वयन गर्ने दृढता व्यक्त गरौं । यसरी सफा नियतले काम गरेमा देश बनाउन सकिन्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# ऐतिहासिक जितको नजिक पुगेर चुकेको नेपाल

अमेरिका/टी-२० विश्वकपमा दक्षिण अफ्रिकाविरुद्ध रोमाञ्चक खेलमा नेपाल १ रनले पराजित भएको छ । यो हारसँगै नेपाल सुपर ८ मा पुग्ने सम्भावना अन्त्य भएको छ, जसले २०२६ मा सोझै टी-२० विश्वकप खेल्ने सम्भावना खुल्थ्यो ।

नेपालले पूरा खेलभर पकड राखेको थियो, तर अन्तिम दुई ओभरको प्रदर्शनका कारण हार्न पुग्यो । किंग्सटाउनमा नेपालका कप्तान रोहित पौडेलले टस जिते र पहिला फिल्डिङ रोजे ।

धेरैको अनुमान दक्षिण अफ्रिकाले रनको बर्षा गराउँछ भन्ने थियो । किनकी दक्षिण अफ्रिकाले लगातार तीन खेल जितेको थियो, क्विन्टन डिकक, एडेन माक्रम, हेनरिक क्लासेन र डेविड मिलर जस्ता विश्वप्रसिद्ध टी-२० ब्याटर टिममा थिए ।

तर नेपालले दक्षिण अफ्रिकाको स्पिन आक्रामण खेल्न नसक्ने मुख्य कमजोरीमा राम्रो होमवर्क गरेको थियो । क्विन्टन डि कक बायाँ हाते ब्याटर भएकाले अफ स्पिनर दीपेन्द्रसिंह ऐरी दोस्रो ओभरमै आएका थिए । चौथो ओभरको चौथो बल रोक्न खोज्दा डी ककले दीपेन्द्र सिंह ऐरीलाई सहज क्याच दिएका थिए ।

पावर प्ले (६ ओभर) मा दक्षिण अफ्रिकाले १ विकेट गुमाउँदै ३८ रन बनाएको थियो ।

त्यसपछि लेग स्पिनर सन्दीप लामिछाने आए । झण्डै एक वर्षपछि टिममा फर्किएका उनले सातौं ओभरमा विकेट नलिएपनि २ रन दिँदै राम्रो सुरुवात गरे । रिजा हेन्ड्रिक्सले आठौं ओभरमा कुशल मल्ललाई एक चौका र एक छक्का हाने ।

त्यसपछि नेपालले दुई लेग स्पिनर कुशल भुर्तेल र सन्दीप लामिछानेलाई बलिङमा लगायो ।

११औं ओभरको पाँचौं बलमा कुशल भुर्तेलले रिजा हेन्ड्रिक्सको क्याच लडअफमा छोडेका थिए । कुशलले त्यसको तुरुन्तै क्षतिपूर्ति गरे । क्याच छाडेलगत्तै कुशल भुर्तेल बलिङमा आउँदा दक्षिण अफ्रिका ११ ओभरमा ६७/१ को बलियो अवस्थामा थियो । १२ औं ओभरमा कुशल भुर्तेलको गुड लेन्थको बलमा सट खेल्ने क्रममा ब्याटमा लागेर एडेन माक्रम १५ रनमा बोल्ड भए ।



त्यो विकेट नेपाललाई खेलमा फर्काउन टर्निङ प्वाइन्ट बन्यो । भुर्तेलकै अर्को ओभरमा ठूलो सट खेल्न खोज्दा हेनरिक क्लासेन एक्स्ट्रा कभरमा ३ रनमा समातिन पुगे । करण केसीले उक्त क्याच चौथो प्रयासमा लिएका थिए ।

१६औं ओभरको तेस्रो बलमा दीपेन्द्रले रिजा हेन्ड्रिक्सलाई ४३ रनमा कट एण्ड बोल्ड गरेपछि खेल थप रोचक बन्यो ।

दक्षिण अफ्रिकाले ११ देखि १६ ओभरसम्म ३० बलमा मात्रै १७ रन जोड्दा तीन विकेट गुमाएको थियो । १६ ओभरमा दक्षिण अफ्रिका ८५/४ को अवस्थामा थियो । १८ औं ओभरमा दीपेन्द्रको बलमा डेविड मिलर ७ रनमा क्याच आउट भएका थिए । टप एज लागेर उनी सर्ट थर्डमा सन्दीपबाट समातिएका थिए ।

१९ औं ओभरमा अभिनाश बोहराले ७ रन खर्चिए । ट्रिस्टन स्टब्सले २०औं ओभरको पहिलो बलमा कुशल भुर्तेललाई छक्का हानेका थिए । त्यसपछि कुशलले राम्रो पुनरागमन गर्दै मात्रै २ रन खर्चेर २ विकेट लिएपछि दक्षिण अफ्रिकाले २० ओभरमा ७ विकेट गुमाएर ११५ रन बनायो ।

नेपालको बलिङ आक्रमण सामू दक्षिण अफ्रिकाका ब्याटर कुनै पनि समय खुलेर खेल्न सकेनन् ।

रिजा हेन्ड्रिक्सले ४९ बलमा ४३ रन बनाए । ट्रिस्टन स्टब्सले १८ बलमा २ चौका र १ छक्कासहित २७ रन जोडे । अन्य ब्याटरको स्ट्राइकरेट १०० कटेन ।

दक्षिण अफ्रिकाले दिएको ११६ रनको लक्ष्य आफैंमा ठूलो होइन, तर दक्षिण अफ्रिकाका तीव्र गतिका बलरहरुसँग खेल्न नेपाली खेलाडीलाई सहज पनि थिएन । अनि नेपालको ओपनिङ जोडी चल्न सकेको थिएन । दक्षिण अफ्रिकाले यही विश्वकपमा बंगलादेशविरुद्ध ११३ रनको स्कोर रक्षा गर्ने क्रममा ४ रनको जित हात पारेको थियो ।

तर नेपालले राम्रो सुरुवात गर्‍यो । तीव्र गतिका बलर मार्को यानसनको पहिलो ओभरको चौथो बल कुशल भुर्तेलको ब्याटको एजमा लागेर चौका गयो ।

दोस्रो ओभरको पाँचौं बलमा टप एज लागेर हाइ गएको बल कागिसो रबाडाले आफैं लिन खोज्दा आसिफ शेखले जीवनदान पाए । अर्को ओभरमा आसिफले चौका हाने । सुरुवाती ७ ओभरमा नेपालले ३४ रन जोड्दा कुनै विकेट गुमाएको थिएन ।

आठौं ओभर दक्षिण अफ्रिकाको पक्षमा रह्यो । केशव महाराजको स्थानमा आएका तबरेज साम्सीले दोस्रो बलमा कुशल भुर्तेललाई १३ र चौथो बलमा कप्तान रोहित पौडेललाई शून्यमा बोल्ड गर्दै दक्षिण अफ्रिकालाई खेलमा फर्काएका थिए । रोहित आउट हुँदा नेपाल ७.४ ओभरमा ३५-२ को अवस्थामा थियो । चौथो नम्बरमा आएका अनिल साहले खुलेर खेल्न थाले । अनिलले ११ औं ओभरमा एनरिच नोर्कियालाई दुई चौका हाने भने १२औं ओभरको दोस्रो बलमा लङअफमा छक्का हाने ।

१३ औं ओभरमा आसिफ शेखले रबाडालाई एक चौका र एक छक्का हानेपछि खेल नेपालको नियन्त्रणमा आयो । यो ओभरको समाप्तिमा नेपाल ८२/२ को अवस्थामा थियो र ११६ रनको लक्ष्य टाढा थिएन । किनकी नेपाललाई ४२ बलमा ३४ रन मात्र चाहिने थियो र हातमा ८ विकेट थियो । हरेक बलमा एक रन पर्याप्त हुन्थ्यो ।

तीव्र गतिका बलरले खराब प्रदर्शन गरेपछि १४औं ओभरमा कप्तान एडेन माक्रम आफैं बलिङमा आए । चौथो बलमा अनिल २७ रनमा क्याच आउट भए ।

अनिल आउट भएपछि नेपाली ब्याटर खुल्न सकेनन् । त्यसपछिको १८ बलमा नेपालले १२ रन मात्र जोड्यो । त्यसका बाबजुद नेपाललाई अन्तिम १८ बलमा १८ रन चाहिँदा ७ विकेट हातमा थियो । तर १८औं ओभर टर्निङ प्वाइन्ट रह्यो ।

साम्सीको १८औं ओभरको तेस्रो लेग साइडको बल दीपेन्द्रले स्वीप खेलेका थिए । तर, बल गोल्भ्समा लाग्न पुग्यो ।विकेटकिपर डिककको अपिलमा अम्पायरले आउट दिएका थिए । दीपेन्द्रले रिभ्यु लिएपनि निर्णय नेपालको पक्षमा आएन । त्यही ओभरको अन्तिम बलमा आसिफ शेख ४२ रनमा बोल्ड भए ।

नेपाललाई अन्तिम १२ बलमा १६ रन चाहिने भयो । तीव्र गतिका बलर एनरिच नोर्कियाले दोस्रो बलमा कुशल मल्ललाई १ रनमा बोल्ड गरे । त्यसपछि आएका सोमपाल कामीले सुरुका दुई बलमा रन जोड्न सकेनन्, तर ओभरको पाँचौं बलमा नोर्कियाको स्लोअर बल ओभर मिडविकेटमा १०५ मिटर टाढा हान्दै मैदान कटाए । अन्तिम बलमा सोमपालले दुई रन बटुलेपछि नेपाललाई दक्षिण अफ्रिकामाथि जित निकाल्न अन्तिम ६ बलमा ८ रन चाहियो ।

अन्तिम ओभरमा बलिङ गर्न आएका ओटनिल बार्टमानले पहिलो लेन्थ बल र दोस्रो वाइड योर्करमा डट राखे । तर तेस्रो बलमा चौका हानेका गुल्सन झाले चौथो बलमा दुई रन बटुले । नेपाललाई दुई बलमा दुई रन चाहियो, जुन सम्भव थियो ।

पाँचौं सर्ट बल गुल्सनले छुन सकेनन् । अझै पनि अन्तिम बलमा २ रन जोडे जित, एक रन मात्र जोडेपनि बराबरी भएर खेल सुपर ओभरमा जाने अवस्था थियो ।

तर गुल्सनको ब्याट बलमा कनेक्ट भएन । नन स्ट्राइकमा रहेका सोमपाल एक रनका लागि दौडिएका थिए । तर गुल्सन सुरुमा बल हेर्न थाले । थोरै अघि बढ्दा अल्झिए । त्यसपछि दौडिएका गुल्सन नन स्ट्राइक नजिकै पुग्दा रोकिन पुगे । उनले ब्याट राख्नुअघि नै विकेटकिपर डि ककको थ्रो मा क्लासेनले स्टम्पमा बल ताकेका थिए । गुल्सन त्यही थचक्क बसे, डग आउट र पेभेलियन भावुक बन्यो ।

नेपालले दक्षिण अफ्रिका विरुद्ध जसरी खेल्यो, त्यो लोभलाग्दो थियो । तर जितको नजिकै पुगेर पनि इतिहासमै पहिलो पटक टेस्ट टोलीलाई हराउने अवसर गुमाएको छ । 'जसरी हामीले बलिङ र ब्याटिङ गर्‍यौं, यसप्रति गर्व छ', खेलपछि कप्तान रोहितकुमार पौडेलले भने, 'हामी (जितको) निकै नजिक थियौं, तर थोरै टाढा रह्यौं ।'

*(स्रोत: अनलाइनखबर)*

# मंसिर १ मा अमेरिकामा हुँदै 'गोल्डेन नेपाली फिल्म अवार्ड'

काठमाडौं/गत वर्ष घोषणा गरिएको 'गोल्डेन नेपाली फिल्म अवार्ड' आगामी नोभेम्बर १६ अर्थात् मंसिर १ गते अमेरिकास्थित सन फ्रान्सिस्कोमा आयोजना हुने भएको छ । 'सतीदेवी' निर्माण कम्पनी गोल्डेन स्टेट मुभी मेकर्स एलएलसी क्यालिफोर्निया र हिमालयन फाउन्डेसन कर्पले संयुक्त रुपमा आयोजना गर्न लागेको अवार्डको बारेमा बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच जानकारी गराइएको थियो ।



२०८० साउन १ देखि ०८१ असार मसान्तसम्म प्रदर्शनमा आएका फिल्महरुले अवार्डमा आवेदन दिन पाउनेछन् । अवार्ड आयोजक टिममा अभिनेताद्वय शिव श्रेष्ठ, सुनिल थापा, अभिनेत्री तथा निर्देशक दीपाश्री निरौला, कलाकार सुनील कटुवाल र रंग पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदी रहेका छन् । अवार्डमा सहभागी हुन नेपालबाट करिब दुई दर्जन कलाकार अमेरिका जाने जनाइएको छ ।

आयोजक संस्था गोल्डेन स्टेट मुभीका प्रमुख यज्ञलाल श्रेष्ठले नेपाली फिल्म क्षेत्रको विकास, विस्तार एवं समृद्धिका लागि अमेरिकामा अवार्ड आयोजना गर्न लागिएको जनाए । म्याराथुन धावकका रुपमा अन्तर्राष्ट्रिय प्रतियोगीताहरुमा भाग लिएर मेडल समेत जितेका उनी लामो समयदेखि अमेरिकामा बस्दै आएका छन् । खेलाडी, सफल व्यवसायी हुँदै उनी समाजसेवामा पनि उत्तिकै सक्रिय छन् । पपुलर अवार्डका रुपमा आयोजना हुन लागेको यो कार्यक्रममा विभिन्न १० विधामा अवार्ड प्रदान गरिने जनाइएको छ । साथमा केही कलाकारलाई विशेष योगदान सम्मान समेत प्रदान गर्ने आयोजकको तयारी छ ।

अवार्डबारे जानकारी दिन आयोजित कार्यक्रममा नीर शाह, शिव श्रेष्ठ, भुवन चन्दसहितका कलाकारबाट सामाजिक संस्था सिन्धुपाल्चोक समाजको उद्घाटन समेत गरिएको थियो ।

# 'छक्का पञ्जा' टिमबाट बाहिरिएपछि जितुलाई फिल्मको चाप, 'कङ्गारु'मा भित्रिए

काठमाडौं/'छक्का पञ्जा' टिमको भरपर्दो खब्बा थिए, जितु नेपाल । '६ एकान ६'देखि दीपक-दीपा समूहको फिल्ममा उनी टुटेका थिएनन् । यो समूहको फिल्म चल्नुमा उनको पनि ठूलो भूमिका थियो । तर, 'महानायक' विवादको समयमा जितुले आफ्नो नामको कमेडी शोको अध्यक्षबाट दीपाश्री निरौलालाई हटाएपछि उनलाई पनि टिमबाट हटाइयो । यसपछि जितुले आफ्नै हिसाबले काम गरिरहेका छन् ।



'छक्का पञ्जा' टिमबाट बाहिरिएपछि बाहिरी ब्यानरका फिल्ममा उनको राम्रो माग देखिएको छ । डेढ वर्षअघि उनी अभिनीत 'ह्यारी कि प्यारी' रिलिज भएको थियो । यतिबेला उनले फिल्म 'ज्वाइँसाब'मा काम गरिरहेका छन् । उनको 'पाइपलाइन'मा 'कार्साङ' भन्ने फिल्म पनि छ । अब अर्को फिल्म पनि उनी जोडिएका छन् । 'ज्वाइँसाब'को सेटमा जितुले शुक्रबार 'कङ्गारु' सम्झौता गरेका हुन् ।

सम्राट बस्नेतको निर्देशनमा बन्न लागेको फिल्ममा यसअघि नै 'छक्का पञ्जा' समूहका केदार घिमिरे (माग्ने बुढा) अनुबन्धित भैसकेका छन् भने अभिनेता अर्पण थापाले पनि अभिनय रहनेछ । कमेडी, सस्पेन्स र थ्रीलर जनरामा निर्माण हुन लागेको फिल्मको छायांकन नेपालसँगै अष्ट्रेलियामा हुने जनाइएको छ । सुशन प्रजापतिको छायांकन रहने फिल्मका लागि अभिनेत्रीको भने टुंगो लाग्न बाँकी छ ।

फुलमुन मोसन पिक्चर्स तथा उत्तरगया म्युजिक एण्ड फिल्मसँग एसजिटि प्रोडक्सनको सहकार्यमा निर्माण हुन लागेको फिल्ममा प्रेम थापा, धन बहादुर गुरुङ 'डिबी' तथा मनोज भण्डारी 'म्यक्स' निर्मातामा छन् । त्यस्तै, फिल्मको सह-निर्मातामा अन्जन दुरा र लक्ष्मी राई छन् भने कार्यकारी निर्माता टीका भण्डारी हुन् । फिल्ममा सीमा गुरुङको कथा छ । प्रोडक्सन डिजाइनरमा दिलीप पन्त छन् ।

# 'पशुपतिप्रसाद २ : भष्मे डन' ओटीटीमा रिलिज

काठमाडौं/फिल्म 'पशुपति प्रसाद'को दोस्रो श्रृंखला 'भष्मे डन' ओटीटीमा रिलिज भएको छ । यो फिल्म सिनेमाघरमा स्ट्रिमिङ सुरु भएको हो ।



दीपेन्द्र खनाल निर्देशित फिल्ममा विपिन कार्की, सौगात मल्ल, स्वस्तिमा खड्का, रवीन्द्रसिंह बानियाँ, माओत्से गुरुङ, प्रकाश घिमिरे, लोकेन्द्र लेखकको शीर्ष भूमिका छ ।

टुकी आर्ट्सको ब्यानरमा निर्माण भएको यो फिल्मको पटकथा निर्माता तथा अभिनेता खगेन्द्र लामिछानेले लेखेका हुन् । फिल्मको निर्माता पनि लामिछाने हुन् । नीरज कँडेलका छायांकन निर्देशन, दीर्घ खड्काको सम्पादन, कृष्ण भारद्वाजको संगीत यसमा छ ।

पटकथा लेखक लामिछानेले यो फिल्म नाम मात्रको सिक्वेल नभई अर्थपूर्ण र तर्कपूर्ण रहेकोले ओटिटिमा यस फिल्मलाई मन पराउने विश्वास राखे । हलमा यो फिल्म २०८० सालको दशैं फूलपातिमा रिलिज भएको थियो ।

सोही छेकोमा 'पशुपति प्रसाद ३' निर्माणको घोषणा पनि गरिएको थियो । सिनेमाघरमा 'जय भोले', 'महापुरुष', 'जारी', 'पानी फोटो', 'चपली हाइट ३' लगायतका फिल्म पनि उपलब्ध छन् ।

# श्रीलंका चाहन्छ नेपाली पर्यटक

कोलम्बो/एक वर्षअघि सन् २०२३ मा २ लाख ४ हजार ५ सय १८ नेपाली विदेश सयर गएको सरकारी तथ्यांक छ । अध्यागमन विभागको तथ्यांक अनुसार 'आउट बाउन्ड टुरिज्म' मा सबैभन्दा धेरै नेपाली पुगेको देश भारत हो । दोस्रो स्थानमा युनाइटेड अरब इमिरेट्स (यूएई) र तेस्रो स्थानमा थाइल्यान्ड छ ।

यही सूचीको १६औं स्थानमा श्रीलंका छ । गत वर्ष १ हजार ४ सय ८३ नेपालीले श्रीलंका घुमेर नजिकको पर्यटन गन्तव्यको मजा लिए ।

पछिल्लो पटक नेपाली पर्यटकको बढ्दो संख्याले श्रीलंका पनि उत्साहित देखिएको छ । किन पनि उत्साहित छ भने, श्रीलंकाले अहिले नेपाली पर्यटकका लागि आकर्षक मूल्यका 'टुर प्याकेज' तयार पारेको छ । यसमा उसको सरकारी वायुसेवा कम्पनी श्रीलंकन एयरलाइन्स प्रत्यक्ष जोडिएको छ ।

'हामी नेपाललाई ठूलो पर्यटन स्रोत बजारका रूपमा हेरिरहेका छौं,' श्रीलंकन एयर लाइन्सका नेपाल प्रमुख निलिन पाथिरना भन्छन्, 'नेपाली पर्यटकको नयाँ र आकर्षक गन्तव्य हामी बन्न सक्छौं ।' केही वर्षयता विशेषगरी कोरोना महामारी निस्तेज भएपछि नेपाली पर्यटकको बढ्दो विदेश सयरको आँकडा बढिरहेको छ । २०२४ मा अझै बढ्ने देखिन्छ ।

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार यस वर्ष नेपाल घुम्न आउने पर्यटकबाट भएको खर्च र विदेश घुम्न जाने नेपालीले गरेको वैदेशिक मुद्रा खपतको हिस्सा लगभग उस्तै छ ।

यसरी विदेश घुम्ने नेपालीको बढ्दो संख्यासँगै केही परको छिमेकी श्रीलंकाको पर्यटन क्षेत्रले नेपाली पर्यटकलाई आफ्नो देशमा प्रतिस्पर्धी मूल्यमा उत्कृष्ट सेवा दिन तम्तयार छ ।

नेपालमा साताको पाँच उडान गरिरहेको श्रीलंकनका नेपाल प्रमुख पाथिरना भन्छन्, 'जति र कम तिरेर नेपाली दाजुभाई यूएई, थाइल्यान्ड, भियतनाम जानुहुन्छ, त्योभन्दा प्रतिस्पर्धी मूल्यमा स्वागत गर्न श्रीलंका तयार छ ।' नेपाली आउटबाउन्ड पर्यटकको प्रवृत्ति अध्ययन गर्दै नेपालीले चाहे अनुसार सुविधा दिन श्रीलंका तयार रहेको सन्देश प्रवाह भइरहेको उनी बताउँछन् ।

अहिले श्रीलंकनले नेपाल र कोलम्बोलाई सिधा उडानबाट जोडिरहेको छ । नेपालबाट कोलम्बोमा साताको पाँच उडान गरि रहेको कम्पनीले स्थानीय होटल र ट्राभल कम्पनीसँगको साझेदारीमा नेपाली पर्यटकलाई लक्षित गरी विभिन्न प्याकेज समेत बेच्न थालेको छ ।

अहिले प्रतिव्यक्ति ९० हजार रुपैयाँ हाराहारीमा ४ रात ५ दिनको टुर प्याकेज सञ्चालनमा ल्याइएको उनले जानकारी दिए । श्रीलंकामा आफूले घुम्न चाहेको गन्तव्य अनुसार थप प्याकेज लिएर जान सकिने उनी बताउँछन् ।

योसँगै ७० प्रतिशतभन्दा बढी बौद्धमार्गी जनसंख्या भएको देश हो श्रीलंका । यहाँ दोस्रो स्थानमा हिन्दु धर्मावलम्बीको बाहुल्य छ । श्रीलंकन नागरिकलाई गौतमबुद्धको जन्मभूमि लुम्बिनी र पशुपतिनाथ दर्शनमा आकर्षित गर्न श्रीलंका सरकार आफैं प्रवर्द्धनको काम गरिरहेको पाथिरना बताउँछन् । 'हामीले एकअर्का देशबाट नागरिक जोड्न खोजिरहेका छौं,' उनी थप्छन्, 'यसले दुवै देशलाई फाइदा पुग्छ ।'

**रामायण सर्किटदेखि गौतम बुद्धको दाँतसम्म**

हिन्दु मान्यता अनुसार श्रीलंका रावणको देश हो । नेपाल सीता माताको भूमि हो । श्रीलंकाले नेपालमा देखेको ठूलो बजार धार्मिक पर्यटकको हो । रामायणसँग जोडिएका कतिपय भूमि र किस्सा श्रीलंकामा छन् । यी पुरातात्विक सम्पदालाई श्रीलंका सरकार र युनेस्कोले विश्व सम्पदा सूचीमा राखेर संरक्षण गरिरहेका छन् ।

श्रीलंकाको केन्द्र भागमा पर्ने 'सेन्ट्रल प्रान्त' स्थित दाम्बुल्ला नामक सहर नजिकै मताले जिल्लामा अवस्थित विशाल संरचनासहितको किल्लालाई हिन्दु धर्मावलम्बी रावण दरबार मान्छन् ।

यस सम्पदासम्म भारतीय पर्यटक आकर्षित गर्न श्रीलंकाले र मायण सर्किट अवधारणा अनुसार पर्यटन प्रवर्द्धन गरिरहेको छ । नेपालबाट समेत यस भूमिले धेरै पर्यटक आकर्षित गर्न सक्ने श्रीलंकाको विश्वास छ । यस भेगमा सीता माताको मन्दिर, रावण झरनादेखि विभिन्न मन्दिर र संरचना छन् । जसलाई श्रीलंकाले पर्यटक आकर्षणको माध्यम बनाएको छ । अर्कातर्फ, बौद्धमार्गीका लागि श्रीलंका आफैंमा ठूलो तीर्थस्थल हो । यस मुलुकको हरेक गल्लीमा भगवान गौतमबुद्धका मूर्ति राखिएको छ ।

यो मुलुकका लागि गौतमबुद्धसँग जोडिएको सबैभन्दा महत्त्वपूर्ण सम्पदा हो 'टुथ रेलिक टेम्पल' । जहाँ गौतमबुद्धको दाँत सुरक्षित राखिएको मान्यता छ । यस मन्दिरको अवलोकनका लागि विश्वभरिबाट लाखौं पर्यटक यस स्थानमा पुग्ने गर्छन् । यो मन्दिर केन्डी नामक सहरमा छ ।

**आकर्षक सामुद्रिक किनार**

नेपालीलाई विदेश भ्रमणमा आकर्षित गर्ने एक माध्यम हो समुद्र । किनकि, नेपाल भूपरिवेष्ठित मुलुक हो । भारतको दक्षिणी भेगका राज्य नपुगेसम्म नेपालीले समुद्र देख्न पाउँदैनन् । तर, ती भेगमा पुग्न सिधा हवाई सम्पर्क स्थापित छैन ।

यस्तोमा थाइल्यान्ड वा यूएईजस्ता मुलुकले नेपालीलाई आकर्षित गरिरहेका छन् । श्रीलंकाले नेपाली पर्यटक लक्षित गर्ने प्याकेजमा पर्छ सामुद्रिक किनार । यसको राजधानी कोलम्बो आफैंमा सामुद्रिक किनारमा अवस्थित छ । चारैतर्फ समुद्रले घेरिएको श्रीलंका ठूलो टापु हो । सामुद्रिक किनारका सबैजसो क्षेत्रमा पाँचतारे होटल बनाएर पर्यटक आकर्षित गरिएको छ ।

ती होटलले समेत विभिन्न प्याकेज बनाएर पर्यटक आकर्षित गरिरहेका छन् । कोलम्बो नजिकै पर्ने गल सिटी सामुद्रिक गतिविधिको प्रयोजनले धेरै पर्यटक जाने सहर हो । यस सहरमा युरोपेली शासकले श्रीलंकालाई आफ्नो अधिनमा लिएर शासन गर्दाका धेरै संरचना र अवशेष जीवन्त राखिएको छ । जसलाई आज श्रीलंका युरोपेली पर्यटक आकर्षित गर्ने एक प्रमुख माध्यमका रूपमा यी अवशेष र संरचनालाई प्रयोग गरिरहेको छ ।

समुद्रमा पौडी खेल्न होस् वा जहाज, मोटरबोट र डुंगा चढेर पानीजन्य गतिविधिमा रमाउन, श्रीलंकामा पर्यटकका लागि लक्जरी सुविधा उपलब्ध रहेको पाथिरना बताउँछन् ।

**क्यासिनो**

नेपालीलाई नेपालभित्र क्यासिनो खेल्ने अनुमति छैन । सोहीकारण नेपालीले क्यासिनो खेल्न भारत वा खाडी मुलुक छान्ने गर्छन् । त्यसमाथि हङकङ र मकाउ समेत नेपालीका क्यासिनो गन्तव्य हुन् । श्रीलंकाली पर्यटनले नेपाली स्रोत बजारमा देखेको अर्को ठूलो सम्भावना क्यासिनो खेलाडी समेत हुन् ।

श्रीलंकाली राजधानी कोलम्बो पछिल्लो समय क्यासिनो सिटीका रूपमा समेत स्थापित भइरहेको छ । जहाँ भारतीयहरू निजी जहाज र चार्टर्ड जहाजमा यहाँ आउने गर्छन् । कतिपय नेपाली समेत कोलम्बोमा क्यासिनो खेल्ने पुग्ने गरेको कोलम्बोस्थित बेल्लिज क्यासिनोका एक अधिकारीले बताए ।

'हाम्रोमा २० जनाजति नेपाली कर्मचारी काम गर्नुहुन्छ,' उनी भन्छन्, त्यसबाहेक नेपाली ग्राहक समेत हुनुहुन्छ, जो नियमितजसो क्यासिनो खेल्न यहाँ आउनु हुन्छ ।'

यो श्रीलंकाको सबैभन्दा ठूलो र व्यस्त क्यासिनो मानिन्छ । यसबाहेक क्यासिनो मारिना, बेल्लागिओ, कन्टिनेन्टल क्लब, स्टार डस्ट, द रिट्ज क्लब, एमजीएमजस्ता क्यासिनो कोलम्बोमा बढी व्यस्त मानिन्छन् ।

**पहाडी रेलदेखि चिया बगानसम्म**

क्यान्डीबाट इल्लासम्म चल्ने श्रीलंकाको ऐतिहासिक रेलयात्रा श्रीलंकाले पस्कने अर्को आकर्षक अनुभव हो । युरोपेली शासकको पालामा बनेको यो रेल अझै पनि पुरानै स्वरूपमा चल्छ । पहाडी इलाकाका घुम्तीमा बेगसँग चल्ने यो रेलले पर्यटकलाई साहसिक अनुभूति समेत दिलाउँछ ।

*(स्रोत: अनलाइनखबर)*

# वरिष्ठ लोकगायक बस्नेतलाई दीर्घ साधना सम्मान

काठमाडौं/दरबार रोधी क्लबले १६ औं वार्षिकोत्सव मनाएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री हितबहादुर तामाङको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा वरिष्ठ लोकगायक कुमार बस्नेतलाई 'लाइफटाइम अचिभमेन्ट'बाट सम्मानित गरियो ।

लामो समयदेखी लोक गायनको क्षेत्रमा बस्नेतले पुर्‍याएको योगदानको कदर गर्दै उनलाई दीर्घसाधना सम्मान प्रदान गरिएको क्लबका अध्यक्ष अशोक गिरीले बताए । 'लोक गायक बस्नेतले समाजका विकृति, विसङ्गती, कुसंस्कार लोकगीतमार्फत् उजागर गर्नु भएको छ' गिरीले भने ।

लोकदोहोरी गायनको क्षेत्रमा पुर्‍याएको योगदानको कदर गर्दै गायक बद्री पंगेनी, कृष्ण आँशु र गायिका सुनिता दुलाललाई विशेष सम्मान प्रदान गरिएको छ । सञ्चार कर्मी ऋषी धमलालाई विशेष सम्मान प्रदान गरिएको छ । कला, मनोरञ्जन क्षेत्रमा कलम चलाउने पाँच जना पत्रकार यसपटक सम्मानित भएका छन् । विष्णु शर्मा, नरेन्द्र रौले, सुशिल नेपाल, अन्वेषण अधिकारी र आयशा दाहाल सम्मानित भए । दरबार रोधी क्लबले जेठ ३२ देखि असार २ गतेसम्म तीन दिन वार्षिकोत्सव मनाउने निर्णय गरेको छ । कार्यक्रममा चर्चित गायक पशुपति शर्मा, दुर्गेश थापा, श्याम राना, टीका पुन, पुर्णकला बिसी, करिष्मा ढकाल, रुबिना अधिकारी, एनआरएनएका उपमहासचिव प्रविन गुरुङ लगायत दर्जनौंको सहभागिता हुनेछ । दरबार रोधी क्लबका अध्यक्ष अशोक गिरीले रोधीको वार्षिकोत्सवलाई लोकदोहोरी संगीतको उत्सवका रुपमा मनाउने निर्णय गरेको बताए ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# कानून कार्यान्वयनको पाटो दरिलो बनाऔं

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ गैरकानूनी कार्य रोक्नको लागि कानून कार्यान्वयनको पाटोमा क्सरत जरुरी भएको बागमती प्रदेशका सभामुख भुवनकुमार पाठकले बताएका छन् ।

नेपालमा केही वर्षसम्म गैरकानूनी कार्यलाई रोक्न कानुनकै अभाव थियो । कानूनमा नै समानता नभएको कारण बेचविखन जस्ता गैर कानूनी कार्यको कारण पीडितको अवस्था नाजुक थियो । अहिले धेरै सवालमा कानून प्रभावकारी बनेको तर, कार्यान्वयनको पाटा सशक्त नभएको सभामुख पाठकले बताएका हुन् ।

'पहिलो सजायको व्यवस्था नहुँदा बेचबिखनको घटना बढी थिए, अहिले कानुनी व्यवस्था राम्रो छ, प्रक्रियास्वरुप परिवर्तन भएको छ, चुनौती बढेको छ तर, कानुनी व्यवस्था राम्रो भएकोले कार्यान्वयन पाटो दरिलो बनाउन पर्छ' पाठकले भने । अब महिलामात्र हैन बालबालिका तथा मानवबेचिने घटना बढेकोले त्यसमा निगरानी आवश्यक भएको उनले बताए ।

गैरकानूनी कार्यम संलग्नहरु संगठित र संस्थागतरुपमै लागेकोले बेचबिखन गर्ने प्रयासलाई निस्जेत पार्नुपर्ने उनले बताए । बेचिएकाहरु विभिन्न रोगले संक्रमित भएर फर्केको अवस्थामा भन् सुरक्षा आवश्यक हुने उनले बताए । 'राज्यले यस्तो बेला जसरी सम्बोधन गर्नुपर्ने हो, त्यो छैन, पुनस्थापना केन्द्र सांकेतिक छन् तर, व्यवस्थित र रामा छैनन्, यिनीहरुलाई व्यवस्थित र राम्रो बनाइनु पर्छ' पाठकले भने ।

प्रदेशको कहाँकहाँ कस्ता तरिकाले पुनर्स्थापना केन्द्र सञ्चालित छन् ? त्यसको अनुगमन हुनुपर्ने उनले बताए । धेरैजसो पुनर्स्थापना केन्द्र साधनस्रोत, जनशक्ति जस्ता समस्याबाट माथी उठ्न नसकेको उनले बताए । शनिबार हेटौंडामा महिला कानून र विकास मञ्चले आयोजना गरेको मानवबेचबिखन तथा ओसारपसारविरुद्धको प्रादेशिक कानुन विषयक छलफल कार्यक्रममा पाठकले यस्तो बताएका हुन् ।

कार्यक्रममा महिला अधिकार तथा विकास मञ्चको संस्थापक वरिष्ठ अधिवक्ता मीरा ढुंगानाले समाज तथा परिवारमा एकले अर्कालाई सम्मान गर्ने संस्कारको विकास नभएकोले समस्या भएको बताइन् । नेपालको संविधानको धारा २० मा न्यायसम्बन्धी हकको उपधारा १० मा 'असमर्थ पक्षलाई कानून बमोजिम निःशुल्क कानूनी सहायता पाउने हक हुनेछ' भनिएको तर, यो व्यवहारमा सहज भएको बताइन् ।

'अपराधपीडितलाई कानून बमोजिम सामाजिक पुनर्स्थापना, क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ' भनिएको छ तर, त्यसमा पनि विभेद छ । पुरुष पीडित भएमा उनीहरुको लागि पनि पुनर्स्थापना केन्द्र चाहिन्छ, पुनर्स्थापना केन्द्र महिलाको लागि मात्रै बनेका छन् । 'कसैलाई पनि मानवबेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन' भनेर संविधानले नै भनेको छ, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ यसलाई पनि सशक्त रुपमा कार्यान्वयनमा ल्याउन नसकिएको सहभागीले बताए ।

धारा २८ मा 'महिला विरुद्ध शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषणा गरिने छैन र त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ' पुरुषको सवालमा सम्बोधन गरिएको छैन । यस्ता विभिन्न त्रुटीलाई शंसोधन गर्नुपर्ने र पीडित महिला, पुरुष वा अन्य जो भएपनि न्यायमा पाउनुपर्ने सम्बोधन हुनुपर्ने वरिष्ठ अधिवक्ता ढुंगानाले बताइन् ।

संघीयताको कार्यान्वयनसँगै नेपाल सरकारले स्थापना गरेका पुनर्स्थापना केन्द्रलाई प्रदेश सरकार वा स्थानीय तहले सञ्चालन गर्न चाहेमा नेपाल सरकारले त्यस्ता केन्द्र प्रदेश वा स्थानीय तहले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न सक्नेछ भनिएको छ । आगामी दिनमा प्रदेश तथा स्थानीय सरकार मातहतमा यस्ता पुनर्स्थापना केन्द्र ल्याउँदा/सञ्चालन गरिदा विभेद नहुने गरी सञ्चालन गर्न सुझाव दिइएको थियो ।

कुनै संस्थाले तोकिए बमोजिम स्वीकृति लिई केन्द्र स्थापना र सञ्चालन गर्न सक्ने प्रावधान अनुसार सरकारले त्यस्तो संस्था तथा संस्थाद्वारा स्थापित केन्द्रको नियमित र प्रभावकारी अनुगमन गर्नुपर्ने अधिवक्ता ढुंगानाले बताइन् । कार्यक्रममा अधिवक्ता रोजिना श्रेष्ठले पुनर्स्थापना कोषको बारेमा नेपालको कानुनले मौलिकहकको रुपमा सुनिश्चित गरेकोले प्रदेश सरकारलाई पनि दायित्व थपिएको बताइन् । यसैगरी बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय सामाजिक विकास महाशाखाका अधिकृत लक्ष्मण पुडासैनीले मन्त्रालयद्वारा निर्मित मानवबेचविखन तथा ओसार पसारविरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति, २०८० बारे जानकारी गराए ।

प्रदेशमा जोखिम परिस्थितिमा रहेका व्यक्ति, विशेषगरी महिला तथा बालबालिकाको क्षेत्रमा भएका सुरक्षा एवम् प्रगतिलाई विकासका प्रमुख सूचकको रुपमा लिइन्छ । विगतमा मानवबेचबिखन तथा ओसारपसार नियन्त्रणका क्षेत्रमा गरिएका प्रयासबाट सफलता हासिल भएता पनि बेचबिखन तथा ओसारपसारको बदलिदो स्वरुपबाट समस्या भएको कार्यक्रममा छलफल गरिएको थियो ।

विशेषगरी महिला तथा बालबालिका अझै पनि यो अपराधको जोखिममा रहेका बागमती प्रदेशमा मानवबेचबिखन तथा ओसार पसार कार्यलाई अन्त्य गरी प्रदेशको मानव विकास सूचकांकमा सुधार ल्याई समग्र विकासका लागि प्रभावकारी नीति तथा कार्यनीति मार्फत मानवबेचबिखन तथा ओसार पसारविरुद्धका कार्यलाई व्यवस्थित गर्नु जरुरी रहेको पृष्ठभूमिमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले मानवबेचविखन तथा ओसारपसारविरुद्धको बागमती प्रदेशस्तरीय संरक्षण नीति, २०८० नीति बनाइएको शाखा अधिकृत पुडासैनीले बताए ।

नेपालको संविधानको धारा २९ ले प्रत्येक नागरिकलाई शोषणविरुद्धको हक प्रत्याभूत गरेको तथा धारा ३८ को महिलाको हक र धारा ३९ को बालबालिकाको हकको व्यवस्थाबाट मानवबेचबिखन तथा ओसारपसारको कार्यलाई निषेध गरिएको सन्दर्भमा प्रदेशमा मानवबेचबिखन तथा ओसारपसार जस्तो जघन्य अपराध हुन नदिनु नीतिको ठम्याई रहेको उनले बताएका छन् ।

बेचबिखन तथा ओसार पसारपीडितको उद्दार तथा संरक्षणलाई प्रभावकारी बनाउनु, न्यायमा पहुँच सुनिश्चित गर्नु, तथा पीडितको पारिवारिक एवम् सामाजिक पुनर्मिलन/पुनःर्स्थापना कार्यलाई सहज बनाउने प्रदेश सरकारको दायित्व रहेको पुडासैनीले बताए ।

संविधानप्रदत्त शोषणको उपभोग गर्ने परिवेश सुनिश्चित गर्नु जोखिममा रहेका समूह/समुदायको सामाजिक-आर्थिककरण गर्नु, निरोधात्मक अभियानमार्फत मानव बेचविखन तथा ओसारपसार न्यूनीकरण गर्नु मानवबेचविखन तथा ओसारपसारपीडित तथा प्रभावितको उद्दार संरक्षण र न्यायमा पहुँचका सेवालाई प्रभावकारी बनाउनु पुनः विकास र विस्तारको समन्वय र सहकार्यम पुनएकीकरण मानवबेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने लक्ष्य लिएको छ ।

यसैगरी कुशल व्यवस्थापन गर्नु, मानवबेचबिखन तथा ओसार पसार नियन्त्रण सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग साझेदारी, सहकार्य र जनसहभागिता अभिवृद्धि गर्नु जस्ता उद्देश यो नीतिले ल्याइएको हो । कार्यक्रममा बागमती प्रदेशसभाको विभिन्न समिति सभापतिहरु, सांसदहरु, जिल्लामा सक्रिय अधिकारकर्मीहरु र पत्रकारको उपस्थिति रहेको अधिवक्ता ललिता श्रेष्ठले बताइन् ।

वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक विद्यालय पुरस्कृत

# पशुपतिनाथ मावि मनहरीको उत्कृष्ठ



साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मनहरी गाउँपालिकाले गतवर्षको वार्षिक परीक्षामा उत्कृष्ट शैक्षिक नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कार तथा सम्मान गरेको छ ।

मनहरी गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा शैक्षिक उपलव्धिको आधारमा उत्कृष्ट हुने विद्यालयलाई पुरस्कृत गरिएको हो । गाउँपालिका सामाजिक विकास समिति संयोजक अनन्तप्रकाश अर्यालको अध्यक्षतामा तथा गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतको प्रमुख आतिथ्यततामा भएको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष सीता पुलामी, प्रमुख प्रशासकीय अधिकृत रमेश सुबेदी, शिक्षाअधिकृत प्रदीप पराजुलीले नगद, सम्मानपत्र प्रदान गरेका हुन् ।

विभिन्न विद्यालयको शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको रोहवरमा कार्यक्रम सन्चालन भएको हो । गाउँपालिकामा रहेका सामुदायिक विद्यालयतर्फ शैक्षिकसत्र २०७९ को एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याई गाउँपालिका प्रथम हुने श्री पशुपतिनाथ माविलाई एक लाख ९० हजार नगद प्रदान गरिएको हो । कक्षा ८ तर्फ प्रथम श्री युवावर्ष आधारभूत विद्यालय एक लाख ३५ हजार, कक्षा ५ तर्फ श्री चकरी प्रावि उत्कृष्ट विद्यालयको पुरस्कार स्वरुप ७५ हजार पाएका छन् ।

कार्यक्रममा तीनवटै तहमा विषयगतरुपमा उत्कृष्ट नतिजा ल्याउने शिक्षक नगद तथा प्रमाणपत्रवाट सम्मानित भएका छन् । शैक्षिकसत्र २०८० मा कक्षा ८ आधारभूत तह उत्तीर्ण परीक्षा गाउँपालिकाको उत्कृष्ट विद्यार्थीको पुरस्कार युनाईटेड ईङ्लिस वोर्डिङ स्कुलका विद्यार्थी जिसन न्यौपानेले ३.८७ जिपिए सहित पुरस्कृत भएका छन् । त्यस्तै शैक्षिकसत्र २०८० सामुदायिकतर्फ कक्षा ५ को उपलव्धी परीक्षामा गाउँपालिका प्रथम द्वितीय र तृतीय क्रमशः जनज्योति आविका योगेस मुक्तान, विनाकालिका प्राविका सिद्दान्त ढकाल, विना कालिका प्राविकै अविसि ओझा पुरस्कृत भएका छन् ।

आधारभूत तह कक्षा ८ को गाउँपालिकास्तरीय परीक्षामा प्रथम, द्वितीय र तृतीय क्रमशः राष्ट्रिय रोटरी माविका नेमराज तामाङ, महेन्द्रकिरण माविका कञ्चन सुवेदी, राष्ट्रिय रोटरी माविका अंकित दाहाल र मुना रसाइली पुरस्कृत भएका छन् ।

एसईई परीक्षामा गाउँपालिका प्रथम, द्वितीय र तृतीय क्रमशः राष्ट्रिय रोटरी माविकी र श्मी वानियाँ, पशुपतिनाथ माविकी पार्वती तितुङ, राष्ट्रिय रोटरीकी विद्या सुनार र बालजीवनज्योति माविका सन्देश विक पुरस्कृत भएका छन् । गाउँपालिकाभित्र ३२ वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालय रहेका छन् ।

कार्यक्रममै एक विद्यालय एक ल्यापटपअन्तर्गत प्राथमिक तहका १४ वटा समुदायिक विद्यालयलाई ल्यापटप वितरण गरिएको छ । त्यसैगरी विद्यालयको पठनपाठनलाई सहज वनाउन र तयारीका साथ कक्षाकोठामा जान सवै शिक्षकलाई शिक्षक डायरी प्रदान गरिएको थियो । नगद तथा प्रमाणपत्र प्राप्त गरी पुरस्कृत भएका शिक्षक, विद्यार्थी तथा विद्यालयले आफूहरुलाई थप उर्जा मिलेको तथा गाउँपालिकाले शैक्षिक क्यालेन्डरमार्फत शैक्षिक गतिविधिलाई व्यवस्थित बनाएको बताएका थिए ।

उमपहानगरको निकासी कर नबुझाएको भन्दै ट्रक बरामद

# माटोमा युरेनियम भएको आशंका

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ मकवानपुरको बकैया गाउँपालिकाबाट ल्याइएको माटोमा युरेनियम भएको आशंका गरिएको छ । बकैयाबाट नवलपरासी लाने भनिएको १५ भन्दा बढी ट्रक हेटौंडा उपमहानगरको कार्यालय अगाडि राखिएको छ ।

बकैयाको धियालबाट ल्याइएको माटोमा युरेनियम भएको आशंका स्थानीयले गरेका छन् । उपमहानगरले भने निकासी कर छली गरी ल्याइएका कारण ती ट्रक बरामद गरेको हो । १५/२० वटा ट्रक तथा टिपरमा माटो ल्याएको र उपमहानगरको राजश्व नतिरेको देखिएकोले ट्रक नियन्त्रणमा लिइएको उपमहानगरका प्रवक्ता सबिन न्यौपानेले जानकारी दिएका छन् ।

उपमहानगरको राजश्व टोलीले नियन्त्रणमा लिएको प्रवक्ता न्यौपानेले बताए । ट्रकमा रहेको माटोको विषयमा भने आफूलाई यकिन जानकारी नभएको प्रवक्ता न्यौपानेले जानकारी दिएका छन् । उपमहानगरको राजश्व प्रमुख जगन्नाथ सापकोटाले निकासी कर नतिरीकन निकासी गर्न लागेको पाइएकोले नियन्त्रणमा लिएको बताए ।

प्राकृतिक स्रोतमाथि लगाइएको निकासी कर नियमानुसार तिरेर लैजानु पर्नेमा गैरकानूनी रुपमा लैजान लागेको देखिएको सापकोटाले बताए । माटोमा युरेनियम भए/नभएको हेर्न उपमहानगरसँग प्राविधिक र प्रबिधि दुबै नभएको बताइएको छ ।

यो विषयमा प्रशासनले हेर्नुपर्ने बताइएको छ । निकासी करबापत तिर्नुपर्ने कर नतिरी जान खोजेछि नियन्त्रणमा लिइएको ट्रकलाई जरिवानासहित राजश्व तिराइने सापकोटाले बताए । १० चक्के गाडीको कर जरिवानासहित करिव २० हजार रुपैयाँ पर्ने बताइएको छ । तर, माटो बोकेर आएका अधिकांश ट्रक १२, १४ चक्के छन् । सामान्य माटो भन्दा फरक देखिने माटो कुन प्रयोजनका लागि लैजान लागिएको भन्ने विषयमा केही खुलेको छैन । बकैया गाउँपालिकाले भ्याटबील जारी गरी माटो बिक्री गरेर पठाइएको प्रारम्भिक चरणमा देखिएको छ ।

बकैयाँमा माटो उत्खनन् गर्न अनुमति लिएको र बकैया-४ र ११ नं. वडाबाट बिगतदेखि नै माटो लगेको बकैया गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले बताए । दाङको सिमेन्ट उद्योगमा लैजाने भनिएको अध्यक्ष लामिछाने बताउँछन् । बकैया गाउपालिकालाई तिर्नुपर्ने राजश्व भने तिरिएको बकैया गाउँपालिकाले जनाएको छ । शुक्रबार बेलुका उपमहानगरले नियन्त्रणमा लिएका ट्रक शनिबार अपरान्हसम्म नगरपालिका रोडमा रोकिएका छन् ।

# एकल महिलालाई जनै बनाउने तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/हेटौडा उपमहानगरपालिका-७ का एकल तथा विपन्न महिलाले जनै बनाउने शीप सिकेका छन् । वडा कार्यालयको आर्थिक सहयोगमा पहिलो पाइला नामक संस्थाबाट हेटौडा-७, नागस्वतीमा एक हप्तासम्म सञ्चालित तालिममा सहभागी बनी उनीहरुले जनै बनाउन सिकेका हुन् ।

हिन्दु धर्माबलम्बीले लगाउने जनै बाहिरबाट आयात गर्नुपर्ने अवस्थामा स्थानीय महिलालाई तालिम प्रदान गर्दै जनैको माग पूर्ति गराउँन तथा वडाका एकल तथा विपन्न महिलालाई स्वरोजगार बनाउन वडा कार्यालयले तालिमका लागि बजेट व्यवस्थापन गरेको थियो । गत २७ जेठबाट सुरु भई शनिबार सकिएको तालिममा वडाका २५ जना महिलाको सहभागिता थियो ।

एक हप्तासम्म तालिममा सिकेको शीपलाई व्यवहारमा उतार्दै आगामी दिनमा जनै बनाउन सक्रिय रहने तालिमका सहभागीको भनाई छ । तालिममा संयोजकको भूमिका निर्वाह गरेकी सम्झना खनालले तालिम बेरोजगार महिलालाई स्वरोजगारीको अवस्था सिर्जना गर्नका लागि उपयोगी हुने बताइन् । 'तालिममा सहभागीले सिकेको शीप अनुसार अब जनै बनाउनुहुनेछ । स्थानीय तथा आवश्यकता अनुसार बाहिर पनि विक्रीका लागि पठाइनेछ ।' खनालले भनिन्, 'हात बाँधेर बस्नुभन्दा आफ्नो शीपको प्रयोगबाट आम्दानी हुनु निकै खुशीको कुरो हो ।'

हिन्दु धर्ममा आस्था राख्नेहरुका लागि जनै चाहिने भएकाले महिलाले सिकेको शीप कहिल्यै खेर नजाने उनको भनाई छ । वडा कार्यालयले एकल महिलालाई लक्षित गरी तालिम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेर निकै प्रशंसनीय काम गरेको खनालले बताइन् । तालिम सञ्चालक संस्था पहिलो पाइलाका अध्यक्ष शोभा खतिवडाको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिका-७ का अध्यक्ष दामोदर गौतमको प्रमुख आतिथ्यतामा तालिम समापन गरिएको हो ।

तालिम समापनमा बोल्दै वडाअध्यक्ष गौतमले वडाका एकल तथा विपन्न महिलालाई स्वरोजगारीको अवस्था सिर्जना गर्ने सवालमा आफूहरु सदैव लागिपरेको बताए । आगामी दिनमा पनि यस्ता खालका तालिम तथा कार्यक्रममा वडा कार्यालयले सहयोग गर्ने गौतमले प्रतिबद्धता व्यक्त गरे । जनै बनाउने तालिमको प्रशिक्षकमा रुपा तिमल्सिना र बेली दुलाल रहेका थिए ।

# नारायणी दुग्ध उत्पादक सहकारीको बिक्री काउन्टर सुरु

साझाकुरा संवाददाता

हेटौंडा, १ असार/ हेटौंडा-६ हात्तिलेटमा रहेको नारायणी दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडले दुग्धजन्य पदार्थको विक्री सुरु गरेको छ । बागमती प्रदेशसभा सदस्य एवम् पूर्वगृहराज्यमन्त्री इन्द्रबहादुर बानियाँले दुग्धजन्यपदार्थ विक्री शुभारम्भ गरेका हुन् ।

प्रदेशसभा सदस्य बानियाँले दुग्धजन्यपदार्थको विविधिकरणमार्फत् आयआर्जन बृद्धिमा लाग्नु सुखद भएको भन्दै यसलाई बृद्धि गर्दै लैजान आग्रह गरे । उनले पशुपालक कृषकको हितका लागि यस्ता कार्यले सहयोग गर्ने भएकाले आफ्नो तर्फबाट नीतिगत सुधारका लागि सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । नेता बानियाँले कृषकमाझ उपस्थित हुन पाउँदा आफू आनन्दित भएको भन्दै कृषकहितका लागि संस्थाले गर्ने कार्यमा सहयोग रहने बताए ।

संस्थाका अध्यक्ष शिव प्रसाद सन्जेलको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रदेशसभा सदस्य कञ्चनचन्द्र



वादे, हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, सल्लाहकार श्रीराम खतिवडा, सहकारीका सचिव कृष्णप्रसाद दुलाल लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा हेटौंडा-६ का वडासदस्य सरिता सापकोटा, बिजय पौडेल, लेखराज ढकाल, जिल्ला दुग्ध संघका सदस्य इन्द्रप्रसाद खतिवडा, गरिबी निवारण साकोसका अध्यक्ष कृष्णप्रसाद सापकोटा, बंशगोपाल दुग्ध सहकारीका उपाध्यक्ष केशब धिताल, टोल विकास संस्था नगरसमन्वय समिति उपाध्यक्ष विष्णु ढुंगाना, सहकारीका कार्यसमिति, सल्लाहकार, शेयर सदस्यलगायतको उपस्थिति रहेको थियो । हेटौंडा-६ को वडा कार्यालयले दुग्धजन्यपदार्थको विविधिकरणका लागि ५ लाख रुपैयाँ सहयोग गर्ने जनाएको छ ।

# मधेश सरकारले ल्यायो ४३ अर्ब ८९ करोडको बजेट

जनकपुरधाम, १ असार/ मधेश सरकारले अगामी आर्थिक वर्ष २०८१/८२ का लागि ४३ अर्ब ८९ करोड २१ लाख ७० हजार रुपैयाँको बजेट ल्याएको छ ।

अर्थमन्त्री भरतप्रसाद साहले शनिबार प्रदेशसभामा पेश गरेको बजेटको चालु तर्फ १६ अर्ब ०७ लाख १ हजार र पुँजीगततर्फ २७ अर्ब ८९ करोड १४ लाख ६९ हजार विनियोजन गरिएको छ ।

खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्वबाट ९ अर्ब ०७ करोड ३० लाख, वित्तीय हस्तान्तरणबाट पाउने अनुदान ७ अर्ब ७९ करोड ९२ लाख तथा शसर्त अनुदान ३ अर्ब ५५ करोड ७८ लाख हजार हुने अनुमान प्रदेश सरकारको छ ।

संघीय सरकारको राजस्व बाँडफाँटबाट १३ अर्ब ६० करोड र गत वर्षको नगद मौज्दातबाट ७ अर्ब ८६ करोड २१ लाख ७० हजार र आन्तरिक ऋण २ अर्ब उठाउने प्रदेश सरकारको घोषणा छ । प्रदेश सरकारले सबैभन्दा बढी भौतिक पूर्वाधार मन्त्रालयलाई १३ अर्ब ११ करोड बजेट विनियोजन



गरेको छ ।

त्यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई ५ अर्ब २१ करोड ६५ लाख ४ हजार, उर्जा सिँचाई तथा खानेपानी मन्त्रालयलाई ५ अर्ब १७ करोड, उद्योग पर्यटन मन्त्रालयलाई २ अर्ब ९८ करोड ५२ लाख २८ हजार, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई २ अर्ब ९७ करोड १९ लाख, शिक्षा तथा संस्कृति मन्त्रालयलाई २ अर्ब ९० करोड ५१ लाख ७६ हजार विनियोजन गरेको छ ।

यस्तै वन तथा वातावरण मन्त्रालयलाई २ अर्ब ४२ करोड ४६ लाख २५ हजार, खेलकुद तथा समाज कल्याण मन्त्रालयलाई १ अर्ब ९५ करोड ८३ लाख ५० हजार, श्रम तथा यातायात मन्त्रालयलाई ९९ करोड ९७ लाख ४८ हजार र सबभन्दा कम गृह सञ्चार तथा कानुन मन्त्रालयलाई ७७ करोड ५७ लाख ४ हजार विनियोजन गरेको छ ।

# लुम्बिनीको बजेट ३८ अर्ब ९५ करोड

बुटवल, १ असार/ लुम्बिनी सरकारले आर्थिक वर्ष २०८१/८२ को लागि ३८ अर्ब ९५ करोड ९५ लाख ३६ हजार रुपैयाँको बजेट प्रदेश सभामा प्रस्तुत गरेको छ । प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री चेतनारायण आचार्यले शनिबारको प्रदेश सभा वैठकमा उक्त बजेट प्रस्तुत गरेका हुन् ।

कृषि, स्वास्थ्य, पर्यटन र पुर्वाधारका अधिकांश पुराना र अधुरा आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिएर बजेटमा रकम विनियोजन गरिएको छ । राजश्व संकलनमा आएको कमीका कारण प्रदेश सरकारले बजेटको आकार गत वर्ष भन्दा २ अर्बले घटाइएको छ । प्रदेश सरकारले आर्थिक वर्ष २०८०-८१ का लागि ४० अर्ब ४६ करोड ८९ लाख ५७हजार रुपैयाँको बजेट ल्याएको थियो ।

बजेटमा प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकमतर्फ १ करोड ४ लाख ६४ हजार



विनियोजन गरिएको छ । यस्तै आगामी आर्थिक वर्षको कूल खर्च ३८ करोड ९७ करोड विनियोजन गरिएको छ । विनियोजन रकममध्ये चालूतर्फ ११ अर्ब २४ करोड २७ लाख रुपैयाँ र पूँजीगतर्फ २४ अर्ब ५८ करोड रुपैयाँ छ । यस्तै वित्तीय हस्तान्तरणका लागि ३ अर्ब १४ करोड रुपैयाँ छुट्याइएको छ ।

आगामी वर्षमा अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत आन्तरिक राजश्वमार्फत ७ अर्ब ५१ करोड र संघबाट प्राप्त हुने राजश्वमार्फत १२ अर्ब १ करोड र संघबाट प्राप्त हुने रोयल्टी ५० करोड र स्थानीय तहबाट प्राप्त हुने राजश्व २ अर्ब ९२ करोड हुने अनुमान गरिएको छ ।

बजेटमा लुम्बिनी प्रादेशिक अस्पतालको १२ सय शय्याको भवन बनाउन एक अर्ब ८० करोड विनियोजन गरिएको छ । यस्तै सोही अस्पतालमा एमआरआई मेसिन खरिद गर्न १५ करोड छुट्याइएको छ ।

बजेटमा हाल कार्यान्वयनमा रहेको सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन कार्यक्रमलाई थप सय वटा वन समुहमा बिस्तार गरी यसलाई प्रदेश सरकारको राजश्वको प्रमुख श्रोतको रुपमा अगाडि बढाइने बजेटमा उल्लेख छ । बजेट वक्तव्यमा कृषि कर घटाइने आर्थिक मामिला तथा योजना मन्त्री आचार्यले उल्लेख गरेका छन् । बजेटमाथि सैद्धान्तिक छलफल असार ६ र ७ गते हुने छ ।

हार्दिक बधाई तथा शुभकामना



नेकपा माओवादी केन्द्र हेटौंडा-१० वडा कमिटीको शनिबार सम्पन्न दोस्रो अधिबेशनले अध्यक्ष **ज्ञानेन्द्र बहादुर कार्की**, उपाध्यक्ष, **गीतादेबी यादव** र **चतुरमान लामा**, सचिव **राजेन्द्र श्रेष्ठ**, कोषाध्यक्ष **सुशील श्रेष्ठ**लगायत नेतृत्व चयन प्रक्रियाबाट निर्वाचित सम्पूर्णमा हार्दिक बधाईसहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछु ।

**रामशरण कार्की**
सदस्य, नेकपा माओवादी (केन्द्र)
जिल्ला समन्वय समिति, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना